



# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## प्रतिवेदन तयारी उपसमिति

**संयोजक** : श्री विष्णुप्रसाद पौडेल
**सदस्यहरु** : श्री भविश्वर तिवारी
: श्री उमानाथ पोखरेल
: श्री नारायणप्रसाद ढकाल
श्री हरिदत्त शर्मा

## सल्लाहकार

**संयोजक** : श्री थानप्रसाद गैरे
**सदस्यहरु** : श्री अर्जुनकुमार पोखरेल
श्री विमला अर्याल
श्री केशव भण्डारी
श्री ज्ञानहरि अर्याल

**प्रतिवेदनको अनुमोदन मितिः** २०७९/०८/१२
(म.क.दे.क्या.संचालक समितिद्वारा)

**मुद्रण** : परफेक्ट प्रिन्ट, बुटवल #९८४७१३७०९५

# सारांश (Executive Summary)

महाकवि देवकोटा क्याम्पस बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ४ मा अवस्थित गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था हो। स्थानीय समुदायको उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले वि.सं. २०६० सालमा स्थापित तथा सञ्चालित यो क्याम्पसको स्थापनामा स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको बौद्धिक, आर्थिक, वैचारिक सहयोग अविस्मरणीय रहेको छ। यो संस्था स्थानीय समुदायको उच्च शिक्षाको आवश्यकतालाई सम्बोधन गर्दै समुदायकै व्यवस्थापन र सञ्चालनमा अघि बढिरहेको छ। वि.सं. २०७१ सालदेखि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा सहभागी भई  निकै कठिन प्रयास पछि वि.सं. २०७४ मंसिरमा क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC) नेपालद्वारा प्रदान गरिने (QAA) प्रमाणपत्र प्राप्त गरिसकेको छ। सो प्रमाणपत्र प्राप्तिसँगै वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट क्याम्पसले बहुप्रतिक्षित, वर्तमान समयको निकै आकर्षक BBA कार्यक्रम समेत प्राप्त गरिसकेको छ। समुदायलाई गुणस्तरीय उच्च शिक्षा घर दैलोमै प्रदान गर्न दृढताका साथ अगाडि बढिरहेको यो क्याम्पसले २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतको स्नातकोत्तर तहको MBS कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरिसकेको छ। वर्तमान युग प्रविधिको युग हो त्यसकारण वर्तमानका विद्यार्थीहरुलाई समय अनुसारको प्राविधिक शिक्षा प्रदान गर्ने उद्देश्यले वि.सं. २०७८ चैत्रमा क्यम्पसले BICTE कार्यक्रमको सञ्चालन सम्बन्धन प्राप्त गरेको छ। वर्तमान अवस्थामा क्याम्पसमा व्यापक संस्थागत सुधारहरु सुरु भएका छन्। फलस्वरुप, वि.सं. २०७३ देखि २०७६ सम्म लगातार विश्वविद्यालय अनुदान आयोगद्वारा सञ्चालित उच्च शिक्षा सुधार योजना (HERP) मा समेत छनौट हुन सफल भई त्यस अन्तर्गतका क्रियाकलाप विकास गरी संस्थागत सुधारलाई थप प्रभावकारी ढंगले अगाडि बढाइ रहेको छ।

क्याम्पस स्थापनाको १९ वर्षको छोटो अवधिमा क्याम्पसले भौतिक पक्षतर्फ सन्तोषजनक उपलब्धि हाँसिल गरेको छ। जस्तैः BBA, MBS र BICTE सञ्चालनार्थ नयाँ भवन निर्माण गर्नु, तला थप हुनु, गुणस्तरीय खानेपानीको व्यवस्था, जेनेरेटरको व्यवस्था, ट्रान्समिटर सहित 4 Phase Line को व्यवस्था, राजमार्गबाट क्याम्पससम्म पुग्ने १०० मिटर बाटो कालोपत्रे, क्याम्पस प्राङ्गणमा पार्किङ टायल, साइकल स्ट्याण्ड,

२१९ मिटर कम्पाउण्ड वाल, वरण्डामा टायल तथा मार्वल लगाउने आदि जस्ता नयाँ विकासात्मक कार्य भएका छन् । त्यसै गरी प्रविधिको प्रयोगमा पनि क्याम्पसले आशातीत प्रगति गर्न सफल भएको छ । जस्तै (EMIS) Software, Webpage, स्मार्टबोर्ड, कम्प्यूटर, ल्यापटप, प्रोजेक्टर, प्रिन्टर, फोटोकपी मेशिन, इन्टरनेट जडान आदि जसले गर्दा क्याम्पसमा अनलाइन अध्ययन अध्यापन कार्य र भौतिक रुपमा गरिने अध्ययन अध्यापन कार्य थप प्रभावकारी बनेको छ ।

यस क्याम्पसमा सञ्चालित MBS, BBA, BICTE, BBS, B.Ed र B.A कार्यक्रमहरु मध्ये व्यवस्थापन संकाय MBS तर्फ शैक्षिकसत्र २०७८/०७९ मा ३२ विद्यार्थी भर्ना भएको देखिन्छ स्नातकोत्तर तह सञ्चालनको पहिलो वर्षमा नै सो सङ्ख्यामा विद्यार्थी भर्ना हुनु उत्साहजनक मान्न सकिन्छ । व्यवस्थापन संकाय BBA तर्फ शैक्षिकसत्र २०७६/०७७ मा सम्बन्धन अनुसार नै ३३ जना भर्ना भएकोमा शैक्षिकसत्र २०७७/०७८ मा ३३ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०७८/०७९ मा २८ जना विद्यार्थी भर्ना भएको देखिन्छ, जसलाई उत्साहजनक मान्न सकिन्छ । शिक्षाशास्त्र संकाय BICTE तर्फ शैक्षिकसत्र २०७८/०७९ मा विद्यार्थी भर्नाको समयमा सम्बन्धन प्राप्त नभएको हुनाले ८ जना मात्र विद्यार्थी भर्ना भएको देखिन्छ । BBS तर्फ विद्यार्थी भर्ना दरमा उल्लेख्य वृद्धि भएको छ । शैक्षिकसत्र २०७६/०७७ मा ५७२ जना विद्यार्थीहरु भर्ना भएकोमा सो सङ्ख्या शैक्षिकसत्र २०७७/०७८ मा ७९३ पुगेको छ भने शैक्षिकसत्र २०७८/०७९ मा उक्त सङ्ख्या ६१४ भएको छ यसलाई पनि उत्साहजनक मान्न सकिन्छ। त्यसैगरी शिक्षाशास्त्र संकाय B.Ed. तर्फ शैक्षिकसत्र २०७६/०७७ मा विद्यार्थी सङ्ख्या २७८ रहेकोमा शैक्षिकसत्र २०७७/०७८ मा सो सङ्ख्या ३५८ पुगेको छ भने शैक्षिकसत्र २०७८/०७९ मा उक्त सङ्ख्या २९२ भएको छ जसलाई उत्साहजनक मान्न सकिन्छ । महाकवि देवकोटा क्याम्पसले स्नातक तहको व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायको प्रथम वर्षमा प्रवेश परीक्षा सञ्चालन गरेको र प्रवेश परीक्षामा नै केही विद्यार्थीहरु अनुत्तीर्ण भएको हुनाले उक्त सङ्ख्या केहि मात्रामा कम भएको हो । त्यसै गरी मानविकी संकाय B.A तर्फ विद्यार्थी सङ्ख्या शैक्षिकसत्र २०७६/०७७ मा ६ जना रहेकोमा शैक्षिकसत्र २०७७/०७८ मा उक्त संख्या ८ पुगेको छ भने शैक्षिकसत्र २०७८/०७९ मा सो सङ्ख्या ११ पुगेको भएता पनि यो कार्यक्रमको निरन्तरतामा समस्या पुगेको छ ।

आ.व. २०७६/०७७ मा रु. ३,०८,८३,३६१.७७/- क्याम्पसको आम्दानी रहेकोमा आ.व. २०७७/०७८ मा रु ४,२४,८३,८६०.९९ /- पुगेको देखिन्छ भने आ.व. २०७८/०७९ मा उक्त आम्दानी रु. ४,००,३६,६७१.३६/- पुगेको देखिन्छ। खर्च तर्फ पनि

आ.व. २०७६/०७७ मा रु.४,६६,३५,५०२/-  खर्च भएकोमा आ.व. २०७७/०७८ मा रु. २,७८,७७,२३१/- पुगेको देखिन्छ भने आ.व. २०७८/०७९ मा उक्त खर्च रु. ४,१९,३७,६५९.६०/- पुगेको देखिन्छ। क्याम्पसको वार्षिक लेखा परीक्षणबाट प्राप्त भएका सुझावलाई क्षमता अनुरुप सम्बोधन गर्दै आइरहेको पनि यस वर्षको कार्य प्रगतिमा प्रष्ट देखिन्छ।

आफ्नो स्थापना कालदेखि नै समाजका सामाजिक गतिविधिहरुमा संलग्न हुँदै आएको महाकवि देवकोटा क्याम्पस स्थानीय समाजका विभिन्न व्यक्तित्वहरुको सहयोगबाट सञ्चालित छ। समाजको उपस्थितिलाई व्यवस्थित बनाउने र सामाजिक सम्पत्तिका रुपमा स्थापित गर्न क्याम्पसले विभिन्न निर्णय, नीति निर्माण आदिमा समाजको उच्च उपस्थिति गराउँदै आइरहेको छ। क्याम्पसमा समाजका सदस्यहरुलाई क्याम्पस आजीवन सदस्य, क्याम्पस संरक्षक, अक्षयकोष दाता एवं अन्य पक्षबाट उपस्थित गराइ समग्र विकासमा समाजको संलग्नता गराइँदै आइएको छ। विभिन्न उद्योग, व्यवसाय, संघ–संस्थामा क्याम्पसबाट उत्पादित जनशक्तिलाई रोजगारीका लागि पहल गर्दै संघ संस्थालाई पनि क्याम्पस परिवारमा समावेश गराउने योजनाका साथ अगाडि बढिरहेको छ।

विकासका लागि प्रयास गर्दागर्दै पनि यस क्याम्पसमा विभिन्न पक्षबाट अल्पकालीन एवं दीर्घकालीन समस्याहरु आइपरेका देखिन्छन्। क्याम्पसको गुणस्तर मापन गराइ QAA प्रमाण-पत्र प्राप्त गरे पश्चात क्याम्पसले BBA , MBS र BICTE कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरिसकेको छ भने यस्तै अन्य नयाँ, नयाँ एवं बजारमुखी विषयहरुको सम्बन्धन ल्याई आर्थिक रुपमा सवल हुने प्रयास क्याम्पसले गरिरहेको छ।

क्याम्पसले चालु आ.व. २०७९/०८० का लागि तयार पारेको बजेटमा रु.४,४६,६९,४५३.००/- को आर्थिक कारोबार हुने योजना रणनैतिक योजनाका साथ अघि सारेको छ। यसरी हेर्दा क्याम्पसले पञ्चवर्षे रणनैतिक योजनाका साथ तयार पारेको वार्षिक कार्यक्रमका लागि निर्धारित स्रोतको प्रर्याप्तता भएको खण्डमा क्याम्पस विकासको अग्रपंक्तिमा पुग्ने कुरामा दुई मत नै छैन।

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि (Background) | १ |
| २. | Academic Progress | ३ |
| ३. | Pass Rate Trend Analysis of the Last Three Years | ५ |
| ४. | Graduate Trend Analysis of the Last Three Years | ६ |
| ५. | Physical Progress | ७ |
| ६. | Financial Progress | ८ |
| ७. | Expenditures | ९ |
| ८. | Social Progress | १० |
| ९. | समस्या एवम् चुनौतीहरु (Issues and Challenges) | १३ |
| १०. | Annual Work Plan and Budget of the Current Fiscal Year | १६ |
| ११. | Projected Annual Work Plan and Budget of the Three Fiscal Years | २१ |
| १२. | क्याम्पस अन्तर्गतका विभिन्न सङ्काय तथा शाखाहरुको परिचय | २५ |
| १३. | क्याम्पसले आ.व.२०७८/०७९ मा गरेका विभिन्न कार्यक्रमहरु | २९ |
| १४. | क्याम्पस संरक्षकहरुको नामावली | ४५ |
| १५. | क्याम्पस आजीवन सदस्यहरुको नामावली | ४६ |
| १६. | क्याम्पस अक्षय कोषदाताहरुको नामावली | ५० |
| १७. | Mahakavi Devkota Campus Staff List | ५१ |
| १८. | प्रश्नावली | ५३ |


# Background:

"MDC will be an excellent academic center of higher education" भन्ने लक्ष्यलाई पछ्याउँदै दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी स्थानीय क्षेत्र र समग्र देशकै विकासमा महत्वपूर्ण योगदान पुर्याउने लक्ष्यका साथ लुम्बिनी प्रदेश (प्रदेश नं. ५) अन्तर्गत भगवान् गौतम बुद्धको जन्मस्थल, पावन भूमि लुम्बिनी क्षेत्रभित्र पर्ने बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्लामा अवस्थित ऐतिहासिक "मायादेवी पोखरी", "रामग्राम स्तुप" र प्राचिन कोलीय राज्यको राजधानी "देवदह" नजिकैको पावन भूमि सुनवल नगरपालिका वडा नं. ४ रमवापुरमा स्थापित महाकवि देवकोटा क्याम्पसले वर्तमान समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । जनसहभागितामा सञ्चालित मुनाफारहित सामुदायिक क्याम्पसका रुपमा वि.सं. २०६० मा त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन सम्बन्धन प्राप्त गरी स्थापित र सञ्चालित यो क्याम्पसले आफ्नो स्थापना कालदेखि नै निरन्तर रुपमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ।

"To develop globally competent and skilled human resources" भन्ने मिसनका साथ अगाडि बढिरहेको यो क्याम्पस लुम्बिनी प्रदेश कै शैक्षिक विकासको कोशेढुङ्गा बन्दै गइरहेको छ। यस क्याम्पसको विकासका लागि यस क्षेत्रका राजनैतिक दल, व्यापारी, उद्योगपति, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमीहरुको अमूल्य सहयोग निरन्तर भै रहेको छ । विद्यार्थीहरुको चौतर्फी विकास एंवम् सर्वाङ्गीण उन्नतिको लागि समय सापेक्ष अनुसन्धानमुखी वैज्ञानिक शिक्षण विधि, आधुनिक व्यवस्थापन र प्रविधिको प्रयोगलाई यस क्याम्पसले जोड दिई आएको छ। सहरोन्मुख ग्रामीण क्षेत्रमा सञ्चालित यस क्याम्पसले विभिन्न क्षेत्रमा पछाडि परेका वर्ग, जाति, समुदाय आदिका व्यक्तिहरुलाई विभिन्न आन्तरिक तथा बाह्य छात्रवृत्ति मार्फत् उच्च शिक्षाको पहुँचमा उल्लेख्य सुधार गर्दै आएको छ। आधुनिक शिक्षणविधिको प्रयोग गरेर विद्यार्थी केन्द्रीत शिक्षणमा जोड दिएको यो क्याम्पसले दक्ष एवं प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी राष्ट्र विकासमा महत्वपूर्ण योगदान पुर्याएको छ।

स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यका साथ अगाडि बढी रहेको यस क्याम्पसले मिति २०७४ मंसिरमा विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिने गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गरिसकेको छ। अन्तर्राष्ट्रिय शैक्षिक गुणस्तर परीक्षण प्रमाणपत्र प्राप्तिसँगै यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ । क्याम्पसले वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट वर्तमान समयको निकै आकर्षक (BBA) कार्यक्रम समेत प्राप्त गरिसकेको छ भने २०७८

श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतको स्नातकोत्तरतहको MBS कार्यक्रम सञ्चालन अनुमति समेत प्राप्त गरिसकेको छ। त्यसै गरी वि.सं. २०७८ चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गतको BICTE कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेको छ। QAA प्रमाण पत्र प्राप्त भएसँगै क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी संख्यामा वृद्धि, शिक्षक कर्मचारीहरुको पेशागत विकास आदिमा उल्लेख्य प्रगति भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरुलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले स्वस्थ बन्दै गएको छ। साथै विश्वविद्यालय अनुदान आयोगद्वारा सञ्चालित उच्च शिक्षा सुधार कार्यक्रम (HERP) अन्तर्गत यस क्षेत्रबाट लगातार चार वर्षसम्म छनौट हुन सफल भई सबै आ.व.का खरिद तथा निमार्णका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ।



# Academic Progress: Enrolment Trend Analysis of the Last Three Years

| Year | 2076/077 | | | | | 2077/078 | | | | | | | 2078/079 | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | M | J | Total | Male | Female | EDJ | D | M | J | O | Total |
| **BBS** | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 140 | 158 | 4 | 15 | **298** | 151 | 185 | 65 | 26 | 13 | 58 | **336** | 92 | 133 | 41 | 14 | 16 | 25 | 129 | **225** |
| 2nd | 50 | 88 | 23 | 12 | **138** | 99 | 158 | 30 | 9 | 15 | 40 | **257** | 80 | 130 | 35 | 6 | 16 | 33 | 120 | **210** |
| 3rd | 33 | 48 | 13 | 3 | **81** | 45 | 76 | 16 | 11 | 3 | 14 | **121** | 41 | 76 | 23 | 4 | 6 | 11 | 73 | **117** |
| 4th | 39 | 16 | 4 | 4 | **55** | 35 | 44 | 12 | 1 | 1 | 6 | **79** | 19 | 43 | 11 | 4 | 1 | 7 | 39 | **62** |
| **Total** | **262** | **310** | **44** | **34** | **572** | **330** | **463** | **123** | **47** | **32** | **118** | **793** | **232** | **382** | **110** | **28** | **39** | **76** | **361** | **614** |
| B.Ed. | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 35 | 99 | 4 | 10 | 134 | 13 | 62 | 29 | 12 | 6 | 29 | **151** | 16 | 81 | 32 | 3 | 4 | 30 | 28 | 97 |
| 2nd | 7 | 49 | 13 | 2 | 56 | 7 | 47 | 16 | 7 | 2 | 19 | **98** | 12 | 84 | 25 | 6 | 4 | 21 | 40 | 96 |
| 3rd | 8 | 52 | 13 | 1 | 60 | 7 | 27 | 9 | 1 | 1 | 4 | **46** | 5 | 35 | 11 | 2 | 1 | 3 | 23 | 40 |
| 4th | 3 | 25 | 11 | 1 | 28 | 4 | 40 | 10 | 1 | 0 | 5 | **63** | 7 | 52 | 12 | 1 | - | 8 | 38 | 59 |
| **Total** | **53** | **225** | **41** | **14** | **278** | **28** | **176** | **64** | **21** | **9** | **57** | **358** | **40** | **252** | **80** | **12** | **9** | **62** | **129** | **292** |
| **B.A.** | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 1 | - | - | - | **1** | 2 | 3 | 1 | 0 | 0 | 2 | **5** | 4 | 1 | - | - | - | - | - | 5 |
| 2nd | 1 | 1 | - | - | **2** | 1 | 0 | 1 | 0 | 0 | 0 | **1** | 4 | 1 | 1 | - | - | 1 | 3 | 5 |
| 3rd | 2 | 1 | - | - | **3** | 1 | 1 | 0 | 0 | 0 | 0 | **2** | 1 | - | 1 | - | - | - | - | 1 |
| **Total** | **4** | **2** | - | - | **6** | **4** | **4** | **2** | **0** | **0** | **2** | **8** | **9** | **2** | **2** | - | - | **1** | **3** | **11** |
| **BBA** | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem | 13 | 20 | 1 | - | **33** | 7 | 15 | 2 | - | 4 | 1 | **29** | 7 | 21 | 4 | 1 | 1 | 1 | - | 28 |
| 2nd Sem | 1 | 3 | - | - | **4** | 10 | 20 | - | - | 2 | 1 | **33** | - | - | - | - | - | - | - | - |
| 3rd Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | 8 | 21 | - | 1 | 2 | 1 | - | 29 |
| 4th Sem | - | - | - | - | - | 1 | 3 | - | - | 1 | - | **4** | 11 | 19 | 3 | - | 3 | 1 | - | 30 |
| 6th Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | 1 | 3 | - | - | 1 | - | - | 4 |
| 7th Sem | - | - | - | -- | - | - | - | - | - | -- | - | - | - | - | - | - | - | - | - | - |
| Total | - | - | - | - | - | - | -- | - | - | - | - | - | - | - | - | - | - | - | - | 91 |
| **BICTE** | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | 4 | 4 | 1 | 1 | - | 2 | 4 | 8 |
| **MBS** | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem | - | - | - | - | -- | - | - | - | - | - | - | - | 10 | 22 | 1 | - | 4 | 5 | 17 | 32 |
| Total | - | - | - | - | - | - | - | - | - | -- | -- | - | - | - | - | - | - | - | - | - |
| **G.T.** | - | - | - | - | **893** | - | - | - | - | - | - | **1223** | - | - | - | - | - | - | - | **1048** |

प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा शैक्षिकसत्र २०७६/०७७ मा क्याम्पसमा जम्मा ८९३ जना विद्यार्थी रहेकोमा शैक्षिकसत्र २०७७/०७८ मा उक्त सङ्ख्या १२२३ पुगेको देखिन्छ भने शैक्षिकसत्र २०७८/०७९ मा उक्त सङ्ख्या १०४८ पुगेको छ क्याम्पसले स्नातक तह अन्तर्गत वि.वि.एस. र वि.एड. प्रथम वर्षमा प्रवेश परीक्षा लिएर मात्र विद्यार्थी भर्ना गर्न थालेको हुनाले कतिपय विद्यार्थीहरु प्रवेश परीक्षामा नै अनुर्तीण भएको कारण विद्यार्थी सङ्ख्या केही मात्रामा घटेको भएता पनि क्याम्पसमा स्नातक तह अध्ययनको लागि भर्ना हुने विद्यार्थीहरुको सङ्ख्यामा उत्साहजनक रुपमा वृद्धि हुँदै आएको देखिन्छ।

व्यवस्थापन सङ्काय (वि.वि.एस.) तर्फ शैक्षिकसत्र २०७६/०७७ मा ५७२ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा ७९३ र शैक्षिकसत्र २०७८/०७९ मा ६१४ जना विद्यार्थी भर्ना भएको देखिन्छ। यसरी हेर्दा व्यवस्थापन सङ्काय (वि.वि.एस.) तर्फ विद्यार्थी भर्नादर निरन्तर रुपले उल्लेख्य वृद्धि हुँदै आएको भएता पनि शैक्षिकसत्र २०७८/०७९ मा भने विद्यार्थी भर्ना सङ्ख्या केही मात्रामा घटेको देखिन्छ।

शिक्षाशास्त्र सङ्काय (वि.एड.) तर्फ हेर्दा शैक्षिकसत्र २०७६/०७७ मा २७८ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा ३५८ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०७८/०७९ मा उक्त सङ्ख्या २९२ पुगेको देखिन्छ यसरी शिक्षाशास्त्र सङ्काय (वि.एड.) तर्फ पनि विद्यार्थी भर्नादर निरन्तर रुपले वृद्धि हुँदै आएको भएता पनि शैक्षिकसत्र २०७८/०७९ मा भने विद्यार्थी भर्ना सङ्ख्या केही मात्रामा घटेको देखिन्छ।

मानविकी सङ्काय (वि.ए.) तर्फ शैक्षिकसत्र २०७६/०७७ मा ६ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा उक्त सङ्ख्या ८ पुगेको देखिन्छ भने शैक्षिकसत्र २०७८/०७९ मा सो सङ्ख्या ११ पुगेको देखिन्छ। यसरी हेर्दा शैक्षिकसत्र २०७७/०७८ र २०७८/०७९ मा विद्यार्थी सङ्ख्यामा केही वृद्धि भएता पनि विद्यार्थी सङ्ख्या कम भएको हुनाले यो सङ्कायको निरन्तरतामा समस्या खडा हुन पुगेको छ।

## Pass Rate Trend Analysis of the Last Three Years

| Year | 2076/077 | | | | | | 2077/078 | | | | | | | 2078/79 | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | M | D | Total | M | F | EDJ | M | D | J | Total | M | F | EDJ | M | D | J | Total |
| **BBS** | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 21 | 27 | 10 | 10 | 5 | **48** | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| 2nd | 14 | 8 | 3 | 5 | 2 | **22** | - | - | - | - | - | - | - | 24 | 22 | 2 | 7 | 3 | 4 | **46** |
| 3rd | 7 | 15 | 6 | 1 | 1 | **22** | - | - | - | - | - | - | - | 22 | 28 | 1 | 4 | 0 | 7 | **50** |
| 4th | 4 | 28 | 10 | 3 | 0 | **32** | 10 | 24 | 0 | 2 | 3 | 7 | **34** | - | - | - | - | - | - | - |
| **Total** | **46** | **78** | **29** | **19** | **8** | **124** | **10** | **24** | **0** | **2** | **3** | **7** | **34** | **46** | **50** | **3** | **11** | **3** | **11** | **96** |
| **B.Ed.** | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 4 | 15 | 7 | 4 | 2 | **19** | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| 2nd | 5 | 21 | 9 | 4 | 0 | **26** | - | - | - | - | - | - | - | 2 | 10 | 1 | 2 | 0 | 1 | **12** |
| 3rd | 0 | 11 | 4 | 2 | 0 | **11** | - | - | - | - | - | - | - | 3 | 25 | 4 | 1 | 1 | 7 | **28** |
| 4th | 1 | 19 | 11 | 0 | 2 | **20** | 1 | 14 | 2 | 2 | 0 | 2 | 15 | - | - | - | - | - | - | - |
| **Total** | **10** | **66** | **31** | **10** | **4** | **76** | **1** | **14** | **2** | **2** | **0** | **2** | **15** | **5** | **35** | **5** | **3** | **1** | **8** | **40** |
| **B.A.** | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 1 | 0 | 0 | 0 | - | **1** | - | - | - | - | - | | - | - | - | - | - | - | - | - |
| 2nd | 2 | 1 | 0 | 0 | - | **3** | - | - | - | - | - | | - | 1 | 1 | - | - | - | 1 | **2** |
| 3rd | 1 | 1 | 0 | 0 | - | **2** | - | - | - | - | - | | - | 1 | 1 | - | - | - | - | **2** |
| **Total** | **4** | **2** | **0** | **0** | - | **6** | - | - | - | - | - | | - | **2** | **2** | - | - | - | **1** | **4** |

माथि प्रस्तुत गरिएको तथ्याङ्कलाई हेर्दा शैक्षिकसत्र २०७६/०७७ मा कक्षागत उत्तीण सङ्ख्या २०६ जना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा सो सङ्ख्या ४९ भएको देखिन्छ भने शैक्षिकसत्र २०७८/०७९ मा उक्त सङ्ख्या १४० पुगेको देखिन्छ। त्रिभुवन विश्वविद्यालयले स्नातक तह प्रथम, द्वितीय, तृतीय वर्षको परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा ढिलाइ गरेको हुनाले कक्षागत उत्तीर्ण सङ्ख्यामा केही कमी आएको देखिन्छ।

## Graduate Trend Analysis of the Last Three Years

| Year | BBS | | | | | | B. Ed. | | | | | | B.A. | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | M | Total | Male | Female | EDJ | D | M | Total | Male | Female | EDJ | D | M | Total |
| 2076/077 | 5 | 21 | 4 | 0 | - | 26 | 2 | 25 | 1 | 2 | - | 27 | 1 | - | - | - | - | 1 |
| 2077/078 | 7 | 11 | - | 2 | - | 18 | 1 | 15 | 4 | - | - | 16 | - | 1 | - | - | - | 1 |
| 2078/079 | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Total** | **12** | **32** | **4** | **2** | **0** | **44** | **3** | **40** | **5** | **2** | **0** | **43** | **1** | **1** | **0** | **0** | **0** | **2** |

प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा शैक्षिकसत्र २०७६/०७७ मा ५४ जना विद्यार्थीहरुले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ त्यस पछिको शैक्षिकसत्र २०७७/०७८ मा ३५ जनाले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ। त्यसै गरी शैक्षिकसत्र २०७८/०७९ मा त्रिभुवन विश्वविद्यालयले स्नातक तह अन्तर्गत व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी सङ्कायका सबै वर्षहरुको नतिजा प्रकाशन नगरेको हुनाले सो शैक्षिकसत्रमा स्नातक तह उत्तीर्ण गर्ने विद्यार्थीहरुको सङ्ख्या यहाँ प्रस्तुत गरिएको छैन। समग्रमा हेर्दा स्नातक तह उत्तीर्ण गर्नेहरुको सङ्ख्या विगतका शैक्षिकसत्रको तुलनामा केही कमी आएको देखिन्छ किनभने विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण समयमा परीक्षा सञ्चालन र नतिजा प्रकाशन नभएको हुनाले नतिजा कम भएको देखिन्छ।

**Educational Pedagogy:**

1. Teaching Methods: Group Discussion, Interaction, Student Presentation, Peer Discussion, Online Presentation etc.
2. Teaching Tools: Projector, Internet, Computer, Laptop, Others etc.

# Physical Progress

| S.N | Particular | 2076/077 | 2077/078 | 2078/079 |
|---|---|---|---|---|
| 1. | Infrastructure Development | | | |
| | **Educational Aids:** | | | |
| | Computer | 30 | - | 1 |
| | Projector | 3 | - | 2 |
| | Laptop | 3 | - | 3 |
| | Sound System / Speaker | 2 | - | 3 |
| | Books | 877 | - | 2199 |
| | Journals / Devkota Journal | 1 | - | - |
| | Desktop | 1 | - | - |
| | Smart Board (People Link) | 3 | - | - |
| | Reference Books | 134 | - | |
| | Furniture | 287 | 16 | 113 |
| | Vehicle (Bus) | - | - | 1 |
| | Fan / Cooler | 40 | - | 4 |
| | Printer | - | - | - |
| | Photocopy (Xerox) Machine | - | - | 1 |
| | Air Condition | 15 | - | 5 |
| | Generator | - | - | - |
| | CCTV Camera | 10 | - | - |
| | Attendence Machine | - | - | 1 |
| | Class Room / Office Room | 4 rooms | - | 4 Rooms |
| | Camera | - | - | 1 |
| | Campus Boundary, Parking | 75 meter | - | 150 meter |
| 2 | Road Pitch | - | - | - |
| | Washroom | - | - | - |
| | Other | | - | - |
| | Water Filter | 2 | - | 1 |
| | Water Tank | 4 | 2 | - |
| | Other | 1 | - | - |
| | Digital Display Board | 2 | - | - |
| | Inverter / Battery | 16 | - | - |
| | UPS- 5 KVA | 1 | - | - |
| | Nec Serve Memory | 1 | - | - |
| | Technos TV-55 | 1 | - | - |
| | Stablizer | 15 | - | 5 |
| | Ring Stool Steel | - | 3 | - |

# Financial Progress
## Sources of Income

| S.N | Particular | 2076/077 | 2077/078 | 2078/079 |
|---|---|---|---|---|
| 1. | **Self Generated Resources:** | | | |
| | Student Fees | 1,25,98,945 | 1,53,02,808 | 2,99,67,080 |
| | Others | 16,52,845.77 | 17,68,890.14 | 19,01,067.36 |
| | Bus (Transportation ) | 2,73,794 | 4,48,313 | 6,31,693 |
| 2. | **Grants from Government Sources:** | | | |
| | UGC (Regular Grants, Herp) | 18,25,875 | 18,55,875 | 20,35,000 |
| | Sunwal Municipality Training | - | - | 17,29,710 |
| | Other Government | - | - | 82,401 |
| | UGC QAA Certificate | - | - | - |
| | QAA Final Visit | - | - | - |
| | HERP (UGC) Procurement | - | 1,20,49,281.85 | |
| | HERP Other | - | | |
| | Fund / Uchha Sishya, N.P. | - | 1,00,000 | 75,000 |
| | UGC Library Training, Pass Out Increment, Annual Report | 7,19,600 | 2,07,840 | - |
| | UGC Covid Learning | | 12,50,000 | - |
| | QAA cycle (SSR approved) | - | - | - |
| | State Government | 1,24,64,247 | 75,32,652 | 29,53,720 |
| | Sansad Bikash Kosh | - | - | - |
| | UGC Library / Research Training | 1,00,000 | - | 1,00,000 |
| | UGC Research Management Cell | | 5,00,000 | - |
| 3. | **Other Sources :** | | | |
| | Campus Life Member | 3,26,155 | 13,02,691 | |
| | Campus Patron | 9,21,900 | | 5,01,000 |
| | Akshya Kosh (2) | - | 1,50,510 | - |
| | Scholarship | | 15,000 | 60,000 |
| | **Total** | **3,08,83,361.77** | **4,24,83,860.99** | **4,00,36,671.36** |

# Expenditures

| S.N | Particular | 2076/077 | 2077/078 | 2078/079 |
|---|---|---|---|---|
| 1. | **Recurrent Expense:** | | | |
| | Salary (Teachers) | 1,13,34,756 | 1,02,44,011 | 1,47,73,535 |
| | Salary (Staff ) | - | 17,11,861 | 22,69,031 |
| | Other (Direct Expenses) | 49,82,656 | 27,43,607 | 80,61,881.18 |
| | Other (Office Expenses) | | 23,44,923 | 33,65,511.82 |
| 2 | **Capital Expenditure:** | | | |
| | Major Infrastructure Development | - | 94,15,663 | 39,98,882 |
| | Minor Infrastructure Development | - | 6,17,905 | - |
| | Land Dev. (Boundary, Parking Tiles) | 34,61,999 | 5,11,321 | 20,38,460 |
| | Equipment Purchase | 3,31,258.48 | 46,26,630 | 7,73,000 |
| | Electricity Equipment | - | 71,265 | 10,700 |
| | Other Equipment Purchase | - | 9,42,550 | 5,78,466 |
| | Books Purchase | 6,74,346 | 1,18,700 | 10,77,547 |
| | Land Purchase | - | - | - |
| | Drinking Water Mgmt. | 6,31,874 | 5,000 | 1,71,600 |
| 3. | Bus Purchase | - | - | 31,82,240.60 |
| | Furniture | 17,73,862 | 76,975 | 12,58,209 |
| | Road Pitch | 6,84,110 | - | - |
| | Other | | - | - |
| | Maintenance | 1,70,248 | - | 3,51,296 |
| | Website | 60,174 | 16,000 | 27,300 |
| | **Total** | **4,66,35,502** | **2,78,77,231** | **4,19,37,659.60** |

माथि प्रस्तुत गरिएको तथ्याङ्कमा उल्लेख भए अनुसार आ.व. २०७६/०७७ मा क्याम्पसको विभिन्न स्रोतबाट प्राप्त आम्दानी रु. ३,०८,८३,३६१.७७/- भएकोमा रु. ४,६६,३५,५०२/- खर्च भएको देखिन्छ। त्यसपछिको आ.व. मा आम्दानी रु. ४,२४,८३,८६०.९९/- भई रु. २,७८,७७,२३१/- खर्च भएको देखिन्छ। साथै आ.व. २०७८/०७९ मा रु.४,००,३६,६७१.३६/- आम्दानी भई रु. ४,१९,३७,६५९.६०/- खर्च भएको लेखा परीक्षण प्रतिवेदनमा देखिन्छ। गत आ. व. देखि नै भुक्तानी दिनु पर्ने रकम यस आ.व. मा पनि देखिएको हुनाले चालु आ.व. मा आम्दानीको तुलनामा खर्च बढी भएको देखिए तापनि चालु आ.व. को मात्र आम्दानी र खर्च हेर्दा क्याम्पस घाटामा गएको देखिँदैन। उक्त कुरा लेखापरीक्षण प्रतिवेदनबाट प्रष्ट हुन्छ।

**Audit Observations/Issues & Steps taken to mitigate the Issues Raised by Audit Observations in the Last Fiscal Year:**

**गत वर्षको लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूको सम्बोधन :**

१. सामाजिक सुरक्षाकोषमा गएको छ।

२. रु. २०,०००/- भन्दा बढीको विल अनिवार्य रुपमा VAT विलबाट खरिद गरिएको छ।

३. रु. ५०,०००/- भन्दा बढी रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गरिएको छ।

# Social Progress

**सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता:**

महाकवि देवकोटा क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन सम्बन्धन प्राप्त गरी वि.सं. २०६० सालमा स्थापना भएको सामुदायिक शैक्षिक संस्था हो। स्थानीय समुदायको सक्रियतामा सञ्चालित यो क्याम्पस आफ्नो स्थापना कालदेखि नै सामाजिक गतिविधिहरुमा संलग्न हुँदै आएको छ। समाजका व्यक्तित्वहरुको सहयोगद्वारा स्थापित शैक्षिक संस्था भएको नाताले सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता अपरिहार्य नै देखिन्छ। यो क्याम्पस यसै समाजका व्यक्तिहरुमा उच्च शिक्षाको पहुँच पुर्याउने लक्ष्य राखेर अगाडि बढिरहेको छ। समाजको विकासमा योगदान पुर्याउनको लागि क्याम्पसले निरन्तर प्रयास गरिरहेको छ। यस क्षेत्रमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक मूल्यमान्यताहरुको जगेर्ना गर्नका लागि क्याम्पसले विभिन्न किसिमका सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ। यस क्षेत्रमा आयोजना हुने विभिन्न उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण तथा सरसफाइ आदि कार्यमा प्रत्यक्ष / अप्रत्यक्ष रुपमा सहभागिता जनाएर सामाजिक गतिविधिमा आफ्नो संलग्नता कायम गरिरहेको छ। विभिन्न अवसरमा सञ्चालन हुने उत्सव, मेला, यज्ञ, जस्ता कार्यक्रममा स्वयंसेवक समेत प्रदान गर्दै आइरहेको छ। सरोकारवाला व्यक्तिहरु साथै वहाँहरुका आफन्तहरुको मृत्यु भएमा सम्बन्धित ठाउँमा पुगी श्रद्धाञ्जली कार्यक्रममा सहभागी भई परिवारजन प्रति समवेदना व्यक्त गर्दै आइएको छ। परिवार नियोजन, वातावरणीय सरसफाइ, ट्राफिक नियम, स्वास्थ्य शिविर जस्ता विभिन्न गोष्ठी / सम्मेलन आदि कार्यक्रमको आयोजना गरी क्याम्पसले समाजको एक अभिन्न अंगका रुपमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ।

**समाजको क्याम्पसलाई योगदान**

बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ४

मा अवस्थित महाकवि देवकोटा क्याम्पस स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरुको प्रत्यक्ष सहयोगबाट स्थापित भएको लुम्बिनी प्रदेशकै अग्रणी सामुदायिक शैक्षिक संस्था हो । स्थानीय समाज कै गन्यमान्य व्यक्तित्वहरुको आर्थिक, बौद्धिक साथै भौतिक सहयोगबाट सञ्चालन भएको हुनाले समाजको क्याम्पसलाई अतुलनीय योगदान भएको कुरा पुष्टि हुन्छ। यस क्याम्पसले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुमा सहभागी भएर समाजले क्याम्पसलाई सहयोग गर्दै आएको छ। समाजका सदस्यहरु क्याम्पसमा क्याम्पस संरक्षक, अक्षयकोष दाता, आजीवन सदस्य बनेर योगदान पुर्याइ रहेकाछन् । क्याम्पस सञ्चालनको सम्पूर्ण जिम्मेवारी बोकेको क्याम्पस संचालक समितिका साथै क्याम्पस सल्लाहकार समितिका पदाधिकारीहरु पनि यसै समाजका व्यक्तित्वहरु हुनुहुन्छ यसबाट पनि के प्रस्ट हुन्छ भने समाजको क्याम्पसलाई ठूलो योगदान रहेको छ। त्यति मात्रै नभएर क्याम्पसको भौतिक सामग्रीहरुको संरक्षण गर्दै क्याम्पसका नीतिनिर्माण तथा योजना निर्माणमा समुदायले आवश्यक सहयोग गरी योगदान पुर्याउँदै आएको छ। समाजको उक्त सहयोगलाई क्याम्पसले उच्च कदर गरी भविष्यमा पनि यो सहयोग र साथ निरन्तर रहिरहने छ भन्ने अपेक्षा गर्दछ।

## क्याम्पसले समाजप्रति गर्ने योगदानको योजना

महाकवि देवकोटा क्याम्पस स्थानीय समाजका सचेत व्यक्तित्वहरुको सक्रियतामा स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था भएको हुनाले समाजप्रति यस क्याम्पसको योगदान रहने कुरामा कुनै दुई मत नै छैन् । यस क्याम्पसले स्थानीय समाजको शैक्षिक साथै चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । समाजप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न क्याम्पसले यहाँ अध्ययन गर्ने विद्यार्थीहरुलाई विभिन्न सामाजिक कार्यहरुमा सहभागी गराउँदै आएको छ । समाजका नागरिकहरुलाई स्वस्थ राख्न विभिन्न समयमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्दै आइरहेको छ। समाजमा सञ्चालन हुने  उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण तथा सरसफाइ  जस्ता सामाजिक कार्यक्रमहरुमा क्याम्पस सहभागी भइरहेको छ। सस्तो र सर्वसुलभ रुपमा समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ। समुदायलाई वातावरणप्रति सचेत बनाउन वातावरण सरसफाइ कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै क्याम्पसले समय समयमा मातृशिशु तथा परिवार नियोजन साथै स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । समाजका गरिब तथा विपन्न वर्गका व्यक्तिहरुलाई सहयोग गर्नका लागि सामाजिक सुरक्षा कोष निर्माण गरी रकम जम्मा गर्दै आएको छ । विश्वव्यापी महामारीका रुपमा

फैलिएको कारोना भाइरस (Covid 19) समुदायमा फैलन नदिन र समुदायलाई बचाउन क्याम्पसमा क्वारेन्टइन निर्माण गरेर समाजलाई योगदान पुर्याएको छ । गरिब परिवारका जेहन्दार विद्यार्थीहरु उच्च शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस् भनि क्याम्पसले छात्रवृत्ति वितरण गर्दै आएको छ । बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्न र ट्राफिक सचेतना बढाउन वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्दै आएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई विभिन्न धार्मिक तथां सांकृतिक कार्यक्रममा सहभागी गराएर समाजिक कार्यमा लाग्ने बाटो निर्माण गरेको छ । क्याम्पस वरिपरिका शैक्षिक संस्थाहरुको गुणस्तर वृद्धि गर्न उनीहरुले माग गरे अनुसारको विशेषज्ञ सुविधा उपलब्ध गराएर सहयोगी भूमिका निर्वाह गरिरहेको छ । क्याम्पस वरिपरिको समाजको विकास निर्माणमा समेत क्याम्पसले सहयोग गरेको छ । क्याम्पसले सुनवल लगायत समग्र राष्ट्रको उन्नतिमा योगदान पुऱ्याउने दीर्घकालिन लक्ष्य रणनैतिक योजना मार्फत् सार्वजनिक गरेको छ ।

## क्याम्पसमा समाजको सहभागिता वृद्धि गर्ने योजना

त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन सम्बन्धन प्राप्त गरी वि.सं. २०६० सालमा स्थापना भएको महाकवि देवकोटा क्याम्पस यस क्षेत्र कै उत्कृष्ट सामुदायिक शैक्षिक संस्था हो । "Learn Locally, Fit Globally" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै स्थानीय स्तरमा पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने उद्देश्यका साथ स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरुको प्रत्यक्ष सहयोगबाट यो क्याम्पसको स्थापना भएको हो । यो क्याम्पसले विद्यालयीय शिक्षा पूरा गरिसकेपछि उच्च शिक्षा प्राप्त गर्नको लागि धेरै लगानी र लामो समय खर्च गरी टाढा टाढा जानु पर्ने तत्कालिन परिस्थितिको अन्त्य गरेको छ । क्याम्पसले समाजको सहभागिता वृद्धि गर्न समाजका विभिन्न व्यक्तित्वहरुलाई क्याम्पसमा क्याम्पस संरक्षक, अक्षयकोष दाता साथै आजीवन सदस्य बनाउँदै आएको छ । हरेक वर्ष वितरण गरिँदै आएको छात्रवृत्ति वितरण कार्यक्रममा अभिभावकहरुलाई सहभागी गराइएको छ । छात्रवृत्ति रकम प्रदान गर्नको लागि स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरुलाई आग्रह गरिएको छ । दाताहरुबाट सहयोग मागी छात्रवृत्ति वितरणको लागि अक्षयकोष स्थापना गरिएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई विभिन्न तालिम, इन्ट्रनसिप साथै अन्य सहयोग प्रदान गर्न स्थानीय व्यापारी, उद्योगपति, व्यवसायी, संघ संस्थालाई जिम्मेवारी बोध गराइएको छ । समुदायलाई क्याम्पसको नीतिनिर्माण र योजना निर्माणमा सहभागी गराएर क्याम्पसप्रति जिम्मेवार बनाइएको छ ।

## समस्या एंवम् चुनौतीहरू (Issues & Challenges)

बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. ४ को सहरोन्मुख ग्रामीण क्षेत्रमा स्थापित महाकवि देवकोटा क्याम्पस गैरनाफामूलक सामुदायिक क्याम्पस हो। ग्रामीण परिवेशमा स्थापित यस्ता गैरनाफामूलक समुदायिक शैक्षिक संस्था सञ्चालन गर्नु अत्यन्त कठिन कार्य हो। विद्यार्थीहरुलाई न्यून शुल्कमा अध्यापन गराउनु पर्ने बाध्यता एकातर्फ छ भने अर्कोतर्फ राज्यको तर्फबाट नगन्य आर्थिक सहयोग प्राप्त हुनुले नेपालको ग्रामीण परिवेशका करिब करिब सबै जसो सामुदायिक क्याम्पसहरु कठिन अवस्थामा सञ्चालित छन्। महाकवि देवकोटा क्याम्पस पनि त्यस्ता शैक्षिक संस्था मध्येको एक हो। साधन स्रोतको प्रतिकूलताका बाबजुत पनि उच्च गुणस्तर कायम राख्दै र अन्तर्राष्ट्रिय मापदण्डलाई पछ्याउँदै हिँडेका नेपालका ग्रामीण परिवेशका सामुदायिक क्याम्पसहरु मध्ये अग्रपङ्तिमा आफूलाई उभ्याउने प्रयास गरिरहेको यस क्याम्पसको अवस्थालाई हेर्ने हो भने केही सन्तोष लिनुपर्ने अवस्था पनि देखिन्छ।

यो क्याम्पस सञ्चालनका क्रममा देखिएका चुनौती तथा अगाडि बढ्नका लागि भए गरेका प्रयासहरुलाई तल उल्लेख गरिएको छ :

### चुनौतीहरू

यो क्याम्पस सञ्चालनका क्रममा महशुस गरिएका चुनौतीहरुलाई दुई भागमा विभाजन गरिएको छ :

क. अल्पकालीन चुनौती  ख. दीर्घकालीन चुनौती

**क. अल्पकालीन चुनौती :**

१. भौतिक स्रोत साधनको प्रयाप्तता नहुनु,
२. अनुसन्धान तथा प्रकाशन जस्ता प्राज्ञिक कार्यहरु प्रयाप्त नहुनु,
३. आवश्यक पृष्ठपोषण संरचनाको कमी हुनु,
४. अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधिहरुसंगको सम्पर्कमा कमि हुनु,
५. समुदायबाट प्रयाप्त आर्थिक स्रोत जोहो गर्न कठिन हुनु,
६. शिक्षकहरुको उच्च शिक्षा अध्ययन तथा पेशागत विकासमा प्रयाप्त सहयोग गर्न नसक्नु,
७. बजारको वर्तमान माग अनुसारको नयाँ- नयाँ शैक्षिक कार्यक्रमहरु जस्तै BBM, BTTM, BHM आदि सञ्चालनको सम्बन्धन प्राप्त गर्न नसकिएको,
८. क्याम्पसको नियमित अतिरिक्त आम्दानीको स्रोत नहुनु,
९. शिक्षक तथा कर्मचारीहरुको स्थायित्व तथा वृत्तिविकासका लागि आकर्षक सेवा सुविधाहरु प्रदान गर्न नसक्नु,

**ख. दीर्घकालीन चुनौती**

१. सामुदायिक क्याम्पसहरुलाई केन्द्रीय, प्रदेश तथा स्थानीय सरकारको तर्फबाट आवश्यक सहयोग गर्ने स्पष्ट नीतिगत व्यवस्था नहुनु,

२. नेपालको वर्तमान उच्च शैक्षिक बेरोजगारीका कारणले विद्यार्थीहरुमा पढाइप्रतिको उत्प्रेरणामा कमि हुनु,

३. विश्वविद्यालय तथा क्याम्पसहरुबाट प्राप्त ज्ञान, सिप र दक्षता विद्यार्थीहरुको दैनिक जीवनसँग प्रत्यक्ष रुपमा कम सम्बन्धित हुनु,

४. छरितो परिणाममुखी ढाँचाको सट्टा लामो प्रकृयामुखी ढाँचाको अवलम्बन गर्नुपर्ने वाध्यता हुनु,

५. उत्तीर्ण भएका विद्यार्थीहरुलाई विभिन्न क्षेत्रमा पदस्थापन तथा व्यवस्थापन गर्ने सरकारी नीति तथा कार्यक्रमहरु नहुन,

**प्रयासहरू**

लुम्बिनी प्रदेश बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ४ को सहरोन्मुख ग्रामीण परिवेशमा स्थापित महाकवि देवकोटा क्याम्पस अनेकन चुनौतीहरुका बाबजुत पनि यस क्षेत्रका विद्यार्थीहरुलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नका लागि उच्च मनोबलका साथ अगाडि बढ्न प्रयासरत छ । तसर्थ यस क्याम्पसले वि.सं. २०७१ सालबाट  गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा प्रवेश गरी त्यसका लागि आवश्यक पर्ने विभिन्न क्रियाकलापहरु गर्दै वि.सं. २०७४ मंसिरमा बहुप्रतिक्षित (QAA) प्रमाण पत्र प्राप्त गरिसकेको छ । यो प्रमाण पत्रको प्राप्तिसँगै यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ। फलस्वरुप वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट क्याम्पसले वर्तमान समयको निकै आकर्षक (BBA) कार्यक्रम समेत प्राप्त गरिसकेको छ भने २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय स्नातकोत्तरतहको MBS कार्यक्रम सञ्चालन अनुमति समेत प्राप्त गरिसकेको छ । त्यसै गरी वि.सं. २०७८ चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गतको BICTE कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेको छ।  QAA  प्रमाण पत्र प्राप्त भएसंगै क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी सङ्ख्यामा वृद्धि, शिक्षक कर्मचारीहरुको पेशागत विकास आदिमा उल्लेख्य प्रगति भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरुलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले स्वस्थ बन्दै गएको छ । फलस्वरुप UGC बाट सञ्चालित उच्च शिक्षा परियोजना (HERP) अन्तर्गत यस क्षेत्रबाट लगातार चार वर्षसम्म छनौट हुन सफल भई

सबै आ.व.का खरिद तथा निमार्णका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ। आगामी ३ वर्ष भित्र उच्च शिक्षा सुधार योजनाबाट अधिक सहयोग प्राप्त गरी समग्र विकासमा कोल्टो फेर्ने सम्भावना नजिकिएको छ। अर्थात् QAA र HERP कार्यक्रम मार्फत् नेपालका साना समुदायिक क्याम्पसहरु मध्ये नमुना क्याम्पसको रुपमा विकसित हुने सम्भावना प्रष्टै देखिएको छ।

## चुनौतीहरू सम्बोधन गर्ने भावी योजना

महाकवि देवकोटा क्याम्पसको समग्र विकासमा देखिएका समस्या तथा चुनौतीहरुसँग यथोचित ढंङ्गले सामना गर्दै नमुना क्याम्पसको रुपमा विकास गर्नका लागि यस क्याम्पसका भावी योजनाहरु यस प्रकार छन् ः

१. UGC र TU ले सञ्चालन गर्ने नयाँ नयाँ कार्यक्रमहरु प्राप्त गरी सफलतापूर्वक सम्पन्न गर्ने।
२. रणनैतिक योजना (Strategic Plan) सफलतापूर्वक कार्यान्वयन गर्ने।
३. केन्द्र, प्रदेश तथा स्थानीय सरकारबाट आर्थिक सहयोग प्राप्त गरी त्यस्को समुचित सदुपयोगद्वारा क्याम्पसको विकासलाई तिब्रता दिने।
४. समुदायसँग आवश्यक सहकार्य गर्दै क्याम्पस विकासमा सहभागी गराउने।
५. उच्च शैक्षिक गुणस्तर कायम गर्ने।
६. विभिन्न दातृ निकायहरुसँग पहुँच पुऱ्याई स्रोत साधन जुटाउने।
७. क्याम्पसलाई स्वयत्तता तर्फ लैजान प्रयास गर्ने।
८. क्याम्पसको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने।
९. शिक्षकहरुको वृत्तिविकास र स्थायित्वका लागि योजनाबद्ध रुपले कार्य प्रारम्भ गर्ने।
१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरुसंग सम्बन्ध विकास गरी स्रोत, साधन जुटाउने।

## Annual Work Plan and Budget of the Current Fiscal Year 2079

| आम्दानीतर्फ | | | | |
|---|---|---|---|---|
| क्र. स. | आम्दानीका शीर्षकहरु | चालु २०७८/०७९ बैशाख सम्मको वास्तविक आम्दानी | अ.सु | आ.ब. २०७९/०८० को अनुमानित आम्दानी |
| **क. आन्तरिक श्रोत** | | | | |
| १ | भर्ना शुल्क | १३,१६५,५७०.०० | १ | २०,८८८,५००.०० |
| २ | मासिक शुल्क | ११,६६७,५८०.०० | २ | १०,०५६,०००.०० |
| ३ | भर्ना फारम | ३५,५००.०० | ३ | ३१,५००.०० |
| ४ | परिचय पत्र | ११९,५००.०० | ४ | १५३,०००.०० |
| ५ | प्राथमिक उपचार (स्वा. से.) | ६६,५००.०० | ५ | ८५,२००.०० |
| ६ | रजिष्ट्रेशन शुल्क | ४६३,८००.०० | ६ | ३७३,०००.०० |
| ७ | वोर्ड परीक्षा शुल्क (व्याक सहित) | २,५१२,५३०.०० | १३ | २,४७९,३००.०० |
| ८ | अभ्यास शिक्षण शुल्क | १७७,५५०.०० | ७ | ९०,०००.०० |
| ९ | प्रमाण पत्र शुल्क | १६६,०००.०० | ८ | १६०,०००.०० |
| १० | टाई शुल्क | ४३,२५०.०० | | ५०,०००.०० |
| ११ | टी-सर्ट | ४०,२००.०० | | ५०,०००.०० |
| १२ | व्याज आम्दानी | ४९,०४१.५२ | | ५०,०००.०० |
| १३ | आन्तरिक परीक्षा शुल्क | २४४,६५०.०० | ९ र १० | २९५,०००.०० |
| १४ | विविध आम्दानी | ३७७,४१८.०० | | ३१४,८५३.०० |
| १५ | विद्यार्थी कल्याणकारी कोष | १०७,४००.०० | १२ | ८५,०००.०० |
| १६ | यातायात | ४८५,३९३.०० | | ७५८,१००.०० |
| १७ | अनुसन्धान शुल्क (वि.वि.एस. चौथो वर्ष) | १७४,०५०.०० | ११ | १३७,५००.०० |
| १८ | प्रवेश परीक्षा शुल्क | | १४ | २९२,५००.०० |
| | जम्मा रु "क" | २९,८९५,९३२.५२ | | ३६,३४९,४५३.०० |

| ख. बाह्य स्रोतहरू | | | | |
|---|---|---|---|---|
| १ | विश्वविद्यालय अनुदान आयोग (नियमित अनुदान) | १००,०००.०० | | १,२००,००० |
| २ | विश्वविद्यालय अनुदान आयोग (विशेष कार्यक्रम) | ७५,०००.०० | | १५०००० |
| ३ | सुनवल नगरपालिका | १,७२९,७१०.०० | | ३,०००,००० |
| ४ | Montessori तालिम | - | | ७०,००० |
| ५ | उच्चशिक्षा अनुदान, नियमित | - | | १००,००० |
| ६ | प्रदेश सरकार | ९००,०००.०० | | २५००००० |
| ७ | आर्थिक सहायता, चन्दा, विविध | - | | २००००० |
| ८ | आर्थिक, क्याम्पस संरक्षण | ५०१,०००.०० | | १०००००० |
| ९ | आर्थिक क्याम्पस आजीवन सदस्य | - | | १००००० |
| | जम्मा रु "ख" | ३,३०५,७१०.०० | | ८,३२०,००० |
| | कुल (क र ख) जम्मा रु | ३३,२०१,६४२.५२ | | ४४,६६९,४५३.०० |

| खर्चतर्फ | | | |
|---|---|---|---|
| खर्चका शीर्षकहरु | आ.व. ०७८/०७९ जेष्ठ सम्मको वास्तविक | अ.सु. | २०७९/०८० को अनुमानित |
| **१. प्रशासनिक खर्च** | | | |
| १. तलब भत्ता पर्व | १२,५६९,१८९.०० | १, २ | २२,३०१,१६१.०० |
| २. पर्व खर्च | - | | - |
| ३. दिवाकालिन प्रशासन, कर्मचारी | - | १ | - |
| ४. दैनिक भ्रमण | १.३४,९७८.०० | | १.५०,०००.०० |
| ४. अतिथि सत्कार | ४३,३६५.०० | | १५०,०००.०० |
| ५. टेलिफोन, इन्टरनेट | ६०,६१०.०० | | १.००,०००.०० |
| ६. बिजुली महशुल | १.८६,१५५.०० | | २.२०,०००.०० |
| ७. मसलन्द छपाई स्टेशनरी, विज्ञापन | २.५५,०७५.०० | | २.५०,०००.०० |
| ८. नविकरण | ३६,०००.०० | | १.००,०००.०० |
| ९. भाडा भरौट | ६२,३००.०० | | १.००,०००.०० |
| १०. उपदान कोष | - | | ५.००,०००.०० |
| ११. सञ्चय कोष | - | ३ | ८.९४,१९२.०० |

| | | | |
|---|---|---|---|
| १२. मर्मत तथा संभार (सबै) | १,०६,३९९.०० | | २.००,०००.०० |
| १३. खानेपानी महशुल | ९,५८०.०० | | ४०,०००.०० |
| १४. इन्धन खर्च (जेनेरेटर) | १,१४,०१९.०० | | १,८०,०००.०० |
| १५. टाई खरिद | - | | २५,०००.०० |
| १६. टी. शर्ट खरिद | ३६७,२५०.०० | | - |
| १७. तालिम खर्च | - | | - |
| १८. यातायात खर्च (मर्मत र इन्धन) | १,३४२,९६१.०० | | १,५००,०००.०० |
| १९. प्राथमिक उपचार | १४,५८३.०० | | २५,०००.०० |
| २०. क्याम्पस सभा | १४२,१७८.०० | | १५०,०००.०० |
| २१. विषय थप | - | | ५००,०००.०० |
| २२. रजिष्ट्रेशन खर्च | २५७,५००.०० | | ३००,०००.०० |
| २३. पूजा सामग्री | १२,६४५.०० | | १५,०००.०० |
| २४. कार्यक्रम स्वायत्तता | | | १००,०००.०० |
| २५. लेखा परीक्षण | - | | ५०,०००.०० |
| २६. बिमा | - | | १५,०००.०० |
| २७. सरसफाइ | ३७,४७५.०० | | १००,०००.०० |
| जम्मा खर्च १ | १५,७५२,२६२.०० | | २७,९६५,३५३.०० |
| **२. पुस्तकालय खर्च** | | | |
| १. पुस्तक खरिद | ८५४,७७९.०० | | ९००,०००.०० |
| २.सफ्टवेयर खरिद तथा नविकरण | १७,३००.०० | | ५०,०००.०० |
| जम्मा खर्च २ | ८७२,०७९.०० | | ९५०,०००.०० |
| **३. परीक्षा खर्च** | | | |
| १. वार्षिक बोर्ड परीक्षा | १,८५४,६४३.०० | | १,९००,०००.०० |
| २. आन्तरिक मूल्याङ्कन परीक्षा | ७३,७२४.०० | | १००,०००.०० |
| ३. त्रि. वि. सेवा शुल्क | ३८९,०००.०० | | ४००,०००.०० |
| जम्मा खर्च ३ | १,९२८,३६७.०० | | २,४००,०००.०० |
| **४. भौतिक निर्माण खर्च** | | | |
| १. फर्निचर खरिद | १,१५५,७०८.०० | | ४५०,०००.०० |
| २. खेलकुद सामग्री | ८९,२६०.०० | | १५०,०००.०० |

| | | | |
|---|---|---|---|
| ३. क्याम्पस विकास | ९८,४८०.०० | | ३३०,०००.०० |
| ४. विद्युतीकरण | ५१,०२२.०० | | १,०००,०००.०० |
| ५. क्याम्पस बस | ३,१८२,२४०.६० | | - |
| ६. बाउण्डरी वाल | १,८१०,९९५.०० | | - |
| जम्मा खर्च ४ | ६,३८७,७०५.६० | | १,९३०,०००.०० |
| **५. ह्रास कोष व्यवस्था** | - | | ५००,०००.०० |
| **६. शैक्षिक सामग्री तर्फ:** | | | |
| १. उपकरण | १०,७००.०० | | २५,०००.०० |
| २. शैक्षिक भ्रमण | २२१,३५९.०० | | - |
| क. BBA/BICTE (औधोगिक सामाजिक) | - | | २००,०००.०० |
| ख. B.Ed 3rd Year (औधोगिक सामाजिक) | - | | २५,०००.०० |
| ग. BBS 4th Year (औधोगिक सामाजिक) | - | | २५,०००.०० |
| घ. भ्रमण (संचालक, शिक्षक, कर्मचारी, राष्ट्रिय अन्तराष्ट्रिय) | - | | २००,०००.०० |
| ३. शैक्षिक सामग्री - कम्पूटर, ल्यापटप, प्रोजेक्टर, अन्य | २३,६२५.०० | | २००,०००.०० |
| ४. रुम पार्टिशन | - | | १००,०००.०० |
| ५. Air Condition, Fan with Wiring | ३२०,०००.०० | | २००,०००.०० |
| ६. साउण्ड सिस्टम - थप | ८०,८४१.०० | | - |
| ७. नयाँ भवन निर्माण प्रदेश | ८९४,७३६.०० | | २,५००,०००.०० |
| ८. भवन निर्माण (नयाँ) | १८६,८६०.०० | | ३,०००,०००.०० |
| ९. रंग रोगन | - | | १००,०००.०० |
| जम्मा खर्च ५ र ६ | १,७३८,१२१.०० | | ७,०७५,०००.०० |
| **७. विद्यार्थी स्वागत, विदाई** | १२२,०९०.०० | | २००,०००.०० |
| **८. Induction Programme BAA/BICTE** | १०५,४७९.०० | | १००,०००.०० |
| ९. Montessori | ३०,१२७.०० | | २०,०००.०० |
| **१०. छात्रवृत्ति** | ५६,०००.०० | | ५००,०००.०० |
| जम्मा खर्च ७ देखि १० सम्म | ३१३,६९६.०० | | ८२०,०००.०० |

| | | | |
|---|---|---|---|
| **११. विभागतथा सेलहरु तर्फ** | | | |
| १. शोध तथा अनुसन्धान | २१,४०५.०० | | १,०००,०००.०० |
| २. सूचना सेल, प्रकाशन | १५८,८००.०० | | २००,०००.०० |
| ३. IQAC | १,३००.०० | | ३०,०००.०० |
| ४. विद्यार्थी सहयोग तथा परामर्श | - | | ४०,०००.०० |
| ५. विद्यार्थी भर्ना विज्ञापन | १०७,३७१.०० | | ४००,०००.०० |
| ६. अतिरिक्त क्रियाकलाप | ६,९००.०० | | ७५,०००.०० |
| ७. QAA | २९,६००.०० | | ५००,०००.०० |
| ८. व्यवस्थापन संकाय | ४६,६४८.०० | | ३०,०००.०० |
| ९. शिक्षा तथा मानविकी संकाय | ३८,३६०.०० | | ३०,०००.०० |
| १०. EMIS | १०,०५०.०० | | ३०,०००.०० |
| जम्मा खर्च ११ | ४२०,४३४.०० | | २,३३५,०००.०० |
| **१२ Guest Professor** | २५,३४५.०० | | १५०,०००.०० |
| १. ISR (सामाजिक जिम्मेवारी) | ३३,२९०.०० | | ४०,०००.०० |
| २. विविध खर्च | ११२,६०५.०० | | २७४,१००.०० |
| **१३. उच्च शिक्षा अध्ययन** | - | | १५०,०००.०० |
| १. शिक्षक तालिम | २३९,९४८.०० | | २५०,०००.०० |
| २. लेख, रचना | - | | १५०,०००.०० |
| ३. MBS सम्बन्धन | ३२०,२३७.०० | | - |
| ४. BICTE सम्बन्धन | १,१३८,४३०.०० | | ० |
| ५. रोजगार दातासँग भेट तथा सम्झौता | - | | ५०००० |
| ६. जग्गा पूर्जा | - | | ५०००० |
| ७. बगैंचा मर्मत | - | | ३०००० |
| ८. अतर्राष्ट्रिय सम्बध विकास | - | | ५०००० |
| जम्मा खर्च १२ देखि १३ सम्म | १,८६९,८५५ | | १,१९४,१००.०० |
| जम्मा खर्च १ देखि १३ सम्मको | २९,२८२,५१९.६० | | ४४,६६९,४५३.०० |

**Projected Annual Work Plan and Budget of the Three Fiscal Years following the Current Fiscal Year (as per the Strategic Plan):**

| S. No. | Work Plan (as per objectives) | 2078/079 | 2079/080 | 2080/081 |
|---|---|---|---|---|
| 1. | Offer attractive academic programs according to current global context. | | | |
| | a. New Affiliation | 1500000 | 2000000 | - |
| | b. Program Autonomy | 300000 | 200000 | - |
| | c. Section Add in BBA | 1500000 | - | - |
| | d. International demanded course affiliation preparation | 1500000 | 1500000 | - |
| | **Total (1)** | **4800000** | **3700000** | **-** |
| 2. | Increase equity access in higher education | | | |
| | a.Scholarship | 400000 | 400000 | 400000 |
| | b.Book Distribution | 400000 | 400000 | 400000 |
| | **Total (2)** | **800000** | **800000** | **800000** |
| 3. | Internship on National and international employers | | | |
| | a.Internship | 400000 | 400000 | 400000 |
| | **Total (3)** | **400000** | **400000** | **400000** |
| 4. | Placement to passout student | 300000 | 300000 | 300000 |
| | a.Placement | 150000 | 150000 | 150000 |
| | b.Self Emploiment | | | |
| | **Total (4)** | **450000** | **450000** | **450000** |

| | | | | |
|---|---|---|---|---|
| 5. | **Enrich Research cell**<br>a.Research cell<br>b.Consultancy service depart | 550000<br>- | 400000<br>- | 400000<br>- |
| | **Total (5)** | **550000** | **400000** | **400000** |
| 6. | **Provide Research consultancy extension service**<br>a.Research service<br>b.Consultancy and extension Service | 350000<br>400000 | 350000<br>- | 350000<br>- |
| | **Total (6)** | **750000** | **350000** | **350000** |
| 7. | **Public Research Based Journal**<br>a.Journal publication<br>b.Article publication | 400000<br>- | 400000<br>- | 400000<br>- |
| | **Total (7)** | **400000** | **400000** | **400000** |
| 8. | **Relate Teaching and learning with Research**<br>a.Research in Teaching<br>b.Research in Learning | 100000<br>50000 | -<br>50000 | -<br>50000 |
| | **Total (8)** | **150000** | **50000** | **50000** |
| 9. | **Professional Development of faculty**<br>a.Further study<br>b.Training<br>c.Retain the faculties | 150000<br>250000<br>As per required | 150000<br>250000<br>As per re-quired | 150000<br>250000<br>As per required |
| | **Total (9)** | | | |

| | | | | |
|---|---|---|---|---|
| 10 | **Use the modern technology in teaching learning**<br>a.Electornic Device<br>b.Technology Inteaching | 200000<br>Regularly | 200000<br>Regularly | 200000<br>Regularly |
| | **Total (10)** | | | |
| 11 | **Manage adequate learning resources in campus**<br>a. Book<br>b. Library extension<br>c. Lab | 450000<br>200000<br>- | 450000<br>4000000<br>- | 450000<br>-<br>- |
| | **Total (11)** | **6,50,000** | **650000** | **450000** |
| 12 | **Professional skill development of students**<br>a. Training<br>b. Extra activities | 500000<br>300000 | 500000<br>300000 | 350000<br>300000 |
| | **Total (12 )** | **800000** | **800000** | **650000** |
| 13 | **Manage sophisticate infrastructure**<br>a. Land ownership<br>b. New building / Seminar Hall<br>c. Compound wall<br>d. Campus Road | 500000<br>-<br>-<br>- | -<br>23500000<br>10000000<br>2500000 | -<br>5000000<br>-<br>3000000 |
| | **Total (13)** | **500000** | **36000000** | **8000000** |
| 14 | **To Maintain greenery in the campus premises**<br>a. Garden Design<br>b. Extra activities | 200000 | - | 50000<br>50000 |
| | **Total (14)** | **200000** | **-** | **100000** |

| | | | | |
|---|---|---|---|---|
| 15. | **Make necessary preparation to develop international college** | 300000 | 100,000 | - |
| | a. Preparation | - | - | 200000 |
| | b.Extra Activities | - | - | 50000 |
| | c.Interaction | - | - | 100000 |
| | d.Development | | | |
| | **Total (15)** | **300000** | **100000** | **350000** |
| 16 | **To progress other development** | | | |
| | a.Increase pass rate | 150000 | - | - |
| | b.Re-accreditation | 1000000 | - | - |
| | c.New model for BBS and B.Ed. | 200000 | - | - |
| | d.Merge and Run classes on various places | - | - | - |
| | **Total (16)** | **1350000** | **-** | **-** |
| **17.** | **Manage extra sources of income to collage** | | | |
| | a.Grave the skin run by UGC | 300000 | - | - |
| | b.Receive donation | 200000 | 200000 | 200000 |
| | c.Alumni | 50000 | 50000 | 50000 |
| | d.Provide research consultancy service | 200000 | 200000 | 200000 |
| | e.Business purpose building | - | 5000000 | - |
| | f.Non credit course | As per Required | As per Required | As per Required |
| | **Total (17)** | | | |

# क्याम्पस अर्न्तगतका सङ्काय तथा शाखाहरूको परिचय

महाकवि देवकोटा क्याम्पस भित्रका शैक्षिक तथा प्रशासनिक कार्यहरुलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि यस क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ मा उल्लेख भए अनुसार विभिन्न शाखाहरु साथै सङ्कायहरुको गठन गरी हरेक शाखा तथा सङ्कायहरुलाई जिम्मेवारी समेत प्रदान गरिएको छ। तिनै शाखाहरु अनि सङ्कायहरुको वार्षिक प्रतिवेदन तल प्रस्तुत गरिएको छ।

## व्यवस्थापन र शिक्षा तथा मानविकी सङ्काय

महाकवि देवकोटा क्याम्पसका अध्ययन अध्यापन कार्यलाई व्यवस्थित बनाउनको लागि क्याम्पसमा व्यवस्थापन र शिक्षा तथा मानविकी सङ्कायको स्थापना गरिएको छ । क्याम्पस अन्तर्गतका यी दुवै सङ्कायहरुले क्याम्पसको पठनपाठनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न किसिमका नीति निर्माण र योजना बनाउने कार्य गर्दै आएका छन् । साथै यी दुवै शाखाहरुले शिक्षकहरुको वृत्तिविकासको लागि विभिन्न किसिमका योजना निर्माण गर्ने गर्दछन् । शिक्षा तथा मानविकी संकाय प्रमुखमा वविन सापकोटा र व्यवस्थापन संकाय प्रमुखमा भिमलाल ढकाल रहनुभएको छ। यी दुवै सङ्कायहरु क्याम्पसमा अध्ययनरत विद्यार्थी र प्रध्यापनरत शिक्षकहरुका समस्यामा केन्द्रित रहने र समस्या समाधानका लागि विभिन्न कार्यहरु गर्ने गर्दछन् ।

## सार्वजनिक सूचना शाखा

महाकवि देवकोटा क्याम्पससंग सम्बन्धित सम्पूर्ण सूचना सरोकारवालाहरु समक्ष पुर्याउनको लागि महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद–१२ अनुसार क्याम्पसमा सार्वजनिक सूचना शाखा गठन गरिएको छ । शिक्षक हरिदत्त शर्मा यो शाखाको संयोजक रहनु भएको छ। यो शाखाले वार्षिक शैक्षिक क्यालेण्डर, देवकोटा सन्देश नामक अर्धवार्षिक वुलेटिन, प्रोस्पेक्टस जस्ता सूचना मूलक सामग्रीहरु प्रकाशन गरी सूचना तथा जानकारी प्रवाह गर्ने गर्दछ। प्रकाशित सामग्रीहरुलाई अझै राम्रो बनाउन पृष्ठपोषण संकलन गर्ने कार्य पनि यो शाखाले गर्दै आएको छ । विद्यार्थीहरुका सुझाव र गुनासाहरु संकलन गर्न क्याम्पसमा राखिएको सुझाव पेटिकालाई व्यवस्थित गर्ने कार्य पनि यो शाखाले गर्दछ। त्यति मात्रै नभएर यो शाखाले क्यम्पससंग सम्बन्धित अत्यावश्यक सूचना एफ.एम रेडियो र पत्रपत्रिकाको मध्यमबाट पनि सार्वजनिक गर्दै आएको छ। साथै यो शाखाले क्याम्पसले गरेका विभिन्न कार्यक्रमहरुलाई अनलाइन मिडिया माध्यमबाट पनि प्रकाशन गर्दै आएको । यो शाखा आफ्नो छुट्टै कार्यविधि अनुसार सञ्चालन हुँदै आएको छ।

## आन्तरिक परीक्षा शाखा

उत्कृष्ट शैक्षिक नतिजा हाँसिल गर्न साथै परीक्षा र प्रश्नपत्रहरुमा विद्यार्थीहरुलाई अभ्यस्त गराउन महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम.२०७१ को परिच्छेद-८ अनुसार क्याम्पसमा आन्तरिक परीक्षा शाखा गठन गरिएको छ। यो शाखाले क्याम्पसमा सञ्चालन गरिने आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने गर्दछ। शिक्षक हरिप्रसाद बस्याल संयोजक रहनु भएको सो शाखामा दुई सदस्य रहनु भएको छ। विद्यार्थीहरुलाई परीक्षा प्रश्नपत्र र उत्तर दिने तरिका अवगत गराउँदै शैक्षिक नतिजा वृद्धि गर्ने उद्देश्यले स्थापना गरिएको यो शाखाले वार्षिक रुपमा तीन वटा परीक्षा सञ्चालन गर्ने गर्दछ। साथसाथै आन्तरिक परीक्षाको नतिजा प्रकाशन र समीक्षा अनि अन्तिम परीक्षाको नतिजा समीक्षा गर्ने काम समेत यसै शाखाद्वारा सम्पादन हुँदै आएको छ।

## विद्यार्थी परामर्श शाखा

विद्यार्थीहरुलाई पर्ने हरेक किसिमका समस्याहरुको समाधान गर्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-९ अनुसार क्याम्पसमा विद्यार्थी परामर्श शाखाको गठन गरिएको छ। ५ जना सदस्य रहेको यो शाखाको संयोजक शिक्षक सूर्यप्रसाद ढकाल रहनु भएको छ। विद्यार्थीहरुका हरेक समस्यामा साथ दिने उद्देश्यले स्थापित यो शाखाबाट छात्रवृत्ति वितरण कार्यविधि निर्माण गर्ने, छात्रवृत्ति वितरणको लागि विद्यार्थी छनौट गर्ने, विद्यार्थीहरुको व्यक्तित्व विकासका लागि विभिन्न तालिम , गोष्ठि ,प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, प्रचार प्रसारको लागि पम्पलेट, पोस्टर जस्ता विभिन्न विज्ञापन सामग्री निर्माण गर्ने, विद्यार्थीहरुलाई रोजगारीको लागि पहल गरिदिने जस्ता कार्यहरु सम्पादन हुँदै आएका छन्।

## अतिरिक्त क्रियाकलाप शाखा

पढाइको अतिरिक्त विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा पहिचान गरी उक्त प्रतिभा प्रष्फुटन गर्न विभिन्न प्रतियोगिता सञ्चालन गर्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-११ अनुसार अतिरिक्त क्रियाकलाप शाखा गठन गरिएको छ। शिक्षिका सुलोचना अर्याल संयोजक रहनु भएको यो शाखामा ५ सदस्य रहनु भएको छ। यो शाखाले वार्षिक शैक्षिक क्यालेण्डरमा उल्लेख गरिए अनुसारका कविता लेखन/वाचन , निबन्ध लेखन , वादविवाद , वक्तृत्वकला, जस्ता पढाइलाई सहयोग पुर्याउने प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गर्दछ। यसका अतिरिक्त भलिवल, फुटसल, क्रिकेट, लङजम्प, सटपुट, स्लो साइकल रेस,म्युजिकल चेयर जस्ता

प्रतियोगितात्मक कार्यक्रमहरु यस शाखाद्वारा सञ्चालन हुने गर्दछन् । त्यति मात्र नभएर विभिन्न समयमा तालिम र प्रशिक्षण कार्यक्रम पनि यस शाखाले सञ्चालन गर्ने गर्दछ ।

## अनुसन्धान व्यवस्थापन शाखा

क्याम्पसमा प्राज्ञिक उन्नयनको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-६ अनुसार अनुसन्धान शाखा गठन गरिएको छ । शिक्षक र विद्यार्थी दुबैमा प्राज्ञिक रुचि जगाउने र प्राज्ञिक कार्यतर्फ आकर्षित गर्ने उद्देश्यले स्थापना गरिएको यो शाखाको संयोजक शिक्षक विकाश राना रहनु भएको छ । अनुसन्धान विनाको शिक्षा अपूर्ण हुने हुनाले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु र प्रध्यापनरत शिक्षक शिक्षिकाहरुलाई अनुसन्धान मुखी शिक्षा दिन र विद्यार्थीहरुलाई अनुसन्धानमा लाग्न प्रेरित गर्ने कार्य यो शाखाले गर्दछ । विभिन्न विषय क्षेत्रसंग सम्बन्धित अनुसन्धानमूलक लेख रचना संकलन गरी वार्षिक रुपमा देवकोटा जर्नल नामक पुस्तक प्रकाशन गर्ने साथै अनुसन्धानका लागि विद्यार्थी र शिक्षकहरुलाई लक्षित गरी समय समयमा तालिम सञ्चालन गर्ने र अनुसन्धानको लागि विद्यार्थी र शिक्षकहरुलाई प्रेरित गर्ने कार्य समेत यो शाखाले सम्पादन गर्दै आएको छ ।

## IQAC

क्याम्पसका समग्र पक्षहरुको निरिक्षण गरी क्याम्पसको भौतिक र शैक्षिक स्तर उकास्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१० अनुसार क्याम्पसमा IQAC शाखा गठन गरिएको छ । क्याम्पसका शैक्षिक, प्रशासनिक र भौतिक गतिविधिमा यस शाखाले MONITOR को काम गर्दछ । ५ जना सदस्य रहनु भएको यो शाखाको संयोजक शिक्षक दधिराम पौडेल हुनुहुन्छ । यो शाखाले क्याम्पसका शैक्षिक गतिविधिहरुको निरिक्षण गरी उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्न विभिन्न उपायहरुको खोजी गरी कार्यान्वयनको लागि पहल गर्ने गर्दछ । उत्कृष्ट शैक्षिक नतिजा प्राप्त गर्नको लागि शिक्षक शिक्षिकाहरुलाई विभिन्न तरिकाहरु उपलब्ध गराउने साथै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

## शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली

महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१४ अनुसार यस क्याम्पसमा EMIS शाखाको गठन गरिएको छ । यो शाखाले यम्पसका सूचना प्रविधिसंग सम्बन्धित सामग्रीहरुको संरक्षण र प्रयोग गर्ने र सूचनालाई WEB को माध्यमबाट update गर्ने कार्य गर्दछ । ३ सदस्य रहेको यो शाखाको संयोजक विश्वास

श्रेष्ठ हुनुहुन्छ । क्याम्पसका विभिन्न तथ्याङ्क र सूचनाहरुलाई व्यवस्थित गर्नको लागि शैक्षिक व्यवस्थापन तथा सूचना प्रणलीको (EMIS) स्थापना गरिएको छ।

## नयाँ विद्यार्थी भर्ना शाखा

महाकवि देवकोटा क्याम्पसको प्रथम वर्षमा नयाँ विद्यार्थी भर्ना गर्नको लागि यस क्याम्पसमा नयाँ विद्यार्थी भर्ना शाखाको स्थापना गरिएको छ। यो शाखाले विद्यार्थी भर्नाको लागि योजना बनाई कार्यक्रम सञ्चालन गर्ने गर्दछ। महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ अनुसार गठन गरिएको यो शाखाको संयोजकमा शिक्षक चिरञ्जिवी बस्याल रहनु भएको छ। विद्यार्थी भर्नासंग सम्बन्धित विज्ञापन बनाउने, पोष्टरहरु टास्ने, भर्नाको लागि सम्बन्धित विद्यालयमा गएर विभिन्न किसिमका अभिमूखिकरण कार्यक्रमहरु सञ्चालन गर्ने, होडिङबोर्ड बनाउने र टाँस्ने, भर्नाको सूचना प्रवाह गर्ने, प्रवेश परीक्षा सञ्चालन गर्ने साथै नतीजा प्रकाशन गर्ने जस्ता कार्यहरु यो शाखाले सम्पादन गर्दै आएको छ।

## मन्टेश्वरी शाखा

सैद्धान्तिक ज्ञानले मात्रै शिक्षणकार्य प्रभावकारी नहुने र त्यसको लागि व्यावहारिक ज्ञान नै आवश्यक ठानी विशेष गरेर यसै क्याम्पसमा अध्ययन गर्ने B.Ed. संङ्कायका विद्यार्थीहरुलाई लक्षित गरी यस क्याम्पसमा मन्टेश्वरी शाखा स्थापना गरिएको छ। महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई मात्र नभएर क्याम्पस वरपर रहेका इच्छुक व्यक्ति तथा संस्थाहरुलाई मन्टेश्वरी तालिम प्रदान गर्ने लक्ष्यका साथ शिक्षिका सुलोचना अर्यालको संयोजकत्वमा यो शाखाको स्थापना गरिएको छ। यो शाखाले आधुनिक शिक्षा पद्धति अनतर्गतको "Learning by Doing" विधिको उपयोग गरी कसरी साना साना नानी बाबुहरुलाई बिना डर त्रास खेलको माध्यमबाट सिकाउन सकिन्छ भनेर समसामयिक किसिमबाट तालिम सञ्चालन गर्दै आएको छ। वि.सं. २०७२ सालमा स्थापना भएको यो शाखाले हालसम्म २५० भन्दा बढी विद्यार्थीहरुलाई उक्त तालिम प्रदान गरिसकेको छ भने यस शाखाबाट तालिम प्राप्त विद्यार्थीहरुले विभिन्न शैक्षिक संस्थामा सजिलै रोजगारी समेत प्राप्त गरेका छन् ।

# क्याम्पसले आ.व. २०७८/०७९ मा गरेका विभिन्न कार्यक्रमहरू

## बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न

२०७८ साल असोज महिनाको २ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गतका अतिरिक्त क्रियाकलाप शाखा र विद्यार्थी परामर्श शाखाको संयुक्त आयोजनामा महाकवि देवकोटा क्याम्पसबाट २०७७ सालमा स्नातक तहको अध्ययन पूरा गरेका विद्यार्थीहरुलाई उज्ज्वल भविष्यको कामना गर्दै बधाई तथा शुभकामना दिने उद्देश्यले संचलित बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा यसै क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकाल, सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा, क्याम्पस अन्तर्गतका विभिन्न शाखाका प्रमुखहरु, यसै क्याम्पस अन्तर्गतका विभिन्न संकायमा अध्यापन गर्ने शिक्षक शिक्षिका साथै स्नातक तहको अध्ययन पूरा गरेका विद्यार्थीहरु लगायत करिब १०० बढीको उपस्थिति रहेको थियो। सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी. को स्वागत मन्तव्यबाट प्रारम्भ भएको सो कार्यक्रममा सभाध्यक्ष लामिछानेद्वारा उपस्थित सम्पूर्ण विद्यार्थीहरुलाई मायाको चिनो स्वरुप मेडल साथै क्याम्पस प्रमुख ढकालले टिका प्रदान गर्नुभएको थियो । उक्त अवसरमा बधाई तथा शुभकामना मन्तव्य प्रस्तुत गर्दै क्याम्पस प्रमुख ढकालले विद्यार्थीहरु क्याम्पसका गहना भएको र विद्यार्थीहरुकै कारणले क्याम्पस अग्रगतिमा लम्कने विचार राख्दै विद्यार्थीहरुले उत्कृष्ट नतिजा ल्याएर क्याम्पसको इज्जत र गरिमा बढाएकोमा बधाई तथा शुभकामना व्यक्त गर्नुभयो। समापन मन्तव्यका क्रममा अध्यक्ष लामिछानेले उत्कृष्ट नतिजा हाँसिल गर्ने कार्यमा भूमिका निर्वाह गर्ने क्याम्पसका सम्पूर्ण शिक्षक शिक्षिका, विद्यार्थी तथा अभिभावक सबैलाई हार्दिक धन्यवाद दिँदै असल र इमान्दार विद्यार्थीहरुकै कारण क्याम्पसले दिनानुदिन सफलता प्राप्त गर्दै आएको विचार व्यक्त गर्नुभयो । मन्तव्यकै क्रममा उहाँले क्याम्पस संचालक समिति र सल्लाहकार समिति क्याम्पसको विकासमा अहोरात्र खटिएको र विद्यार्थीहरुलाई आवश्यक पर्ने हरेक किसिमका सुविधाहरु प्रदान गर्न लागि परेको भन्दै यसै वर्षदेखि क्याम्पसले MBS को कक्षा सञ्चालन गर्ने हुनाले यसै क्याम्पसमा MBS अध्ययन गर्न विद्यार्थीहरुलाई आग्रह गर्नुभयो। सो कार्यक्रमको सञ्चालन शिक्षक हरिदत्त शर्माले गर्नुभएको थियो।

# एघारौं क्याम्पस सभा

महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा मिति २०७८/०७/१४ गतेका दिन क्यम्पसमा एक वर्षसम्म भए गरेका सम्पूर्ण गतिविधिहरु सरोकारवालाहरु समक्ष पुर्याउने उद्देश्यले क्याम्पसको एघारौं क्याम्पस सभा सम्पन्न भएको छ ।

क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने सभाध्यक्ष, प्रतिनिधि सभा सदस्य माननीय सांसद, पूर्वगृहराज्य मन्त्री तथा क्याम्पसका संरक्षक देवेन्द्रराज कण्डेल प्रमुख अतिथि रहनुभएको थियो । क्याम्पसका संस्थापक अध्यक्ष एवम् क्याम्पस संरक्षक थानप्रसाद गैरे, निवर्तमान क्याम्पस संचालक समितिका अध्यक्ष एवम् क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेल द्वयको विशेष आतिथ्यतामा सम्पन्न भएको उक्त सभामा सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष वीरबहादुर गुरुङ, उद्योग वाणिज्य संघ नवलपर ासीका अध्यक्ष एवं क्याम्पस संरक्षक केशवप्रसाद भण्डारी लागायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । क्याम्पस संचालक समिति सदस्य विमला आर्यलले सभाको औचित्य प्रष्ट पार्दै उपस्थित सम्पूर्ण महानुभावलाई शब्दरुपी पुष्पगुच्छाको माध्यमबाट स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो । क्याम्पसको चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुर्याउनुहुने क्याम्पसका आजीवन सदस्य, क्याम्पस संरक्षक, संचालक समितिका पदाधिकारी, सल्लाहकार समितिका पदाधिकारी, विभिन्न उच्च मा.वि.का प्रधानाध्यापक, विभिन्न संघ सस्थाका प्रतिनिधि, अभिभावक, विद्यार्थी तथा क्याम्पसका शिक्षक कर्मचारी लगायत तीन सय बढीको सहभागितामा सभा सम्पन्न भएको थियो । उक्त अवसरमा प्रमुख अतिथि कण्डेलले वर्तमान अवस्थामा क्याम्पसले गरेका उपलब्धिहरुको प्रशंसा गर्दै सस्तो शुल्कमा क्याम्पसले गुणस्तरीय शिक्षा दिइरहेकोमा सम्पूर्णलाई धन्यवाद दिँदै आगामी दिनमा क्याम्पसले प्राविधिक शिक्षातर्फ जोड दिनुपर्ने विचार राख्नुभयो साथै उहाँले क्याम्पसलाई आवश्यक पर्ने जस्तो सुकै सहयोग गर्न आफू तयार रहेको वचनबद्धता व्यक्त गर्नुभयो । सभामा विशिष्ट अतिथि गैरेले आफैंद्वारा स्थापना गरेको क्याम्पसले यसरी प्रगति गरेको देख्दा निकै खुसी लागेको विचार व्यक्त गर्दै क्याम्पसले अन्य विषयमा पनि स्नातकोत्तर तहको शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । शुभकामना मन्तव्य प्रस्तुत गर्दै अर्का विशिष्ट अतिथि पौडेलले आफूहरु क्याम्पसको विकासको लागि अहोरात्र खटिइ रहेको र यति गर्दा गर्दै पनि क्याम्पसलाई सोचेअनुसार बनाउन नसकेको तर्फ संकेत गर्दै सम्पूर्ण महानुभावलाई क्याम्पसको विकासमा हातमा हात मिलाएर अगाडि बढ्न आग्रह गर्नुभयो । उक्त सभामा क्याम्पस प्रमुख नारायण प्रसाद ढकालले क्याम्पसको आर्थिक, भौतिक र शैक्षिक पक्षहरु समेटिएको क्याम्पस 'प्रतिवेदन २०७८' प्रस्तुत गर्नुभएको थियो ।

त्यस अवसरमा क्याम्पसको विकासमा महत्वपूर्ण योगदान पुर्याउनु भएका कार्यक्रमका प्रमुख अतिथि माननीय सांसद देवेन्द्रराज कण्डेललाई मायाको चिनो प्रदान गरिएको थियो । उक्त सभाले क्याम्पसको वार्षिक 'प्रतिवेदन २०७८' , निर्णय पुस्तिका प्रमाणित गर्ने क्याम्पस सभाबाट दुई जना व्यक्ति तोक्ने र चालु वर्षको लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने प्रस्तावहरु पारित गरेको थियो । सभामा आफ्नो समापन मन्तव्य प्रस्तुत गर्दै सभाध्यक्ष लामिछानेले क्याम्पसले सोचे अनुसारका लक्ष्यहरु प्राप्त गरिरहेको र त्यसको श्रेय यहाँहरु सबैलाई नै जान्छ भन्दै क्याम्पसको विकासमा आफूलाई साथ र सहयोग पुर्याउने सम्पूर्ण महानुभावलाई धन्यवाद दिनुभयो साथै क्याम्पसले हाल MBS सञ्चालन अनुमति प्राप्त गरिसकेको र आगामी दिनमा M.ED. कार्यक्रम पनि सञ्चालन अनुमति ल्याउने विचार व्यक्त गर्नुभयो । उक्त सभाको सञ्चालन शिक्षक हरिदत्त शर्माले गर्नुभएको थियो ।

## व्यवसाय अवलोकन भ्रमण सम्पन्न

मिति २०७८/०७/२५ देखि २८ गतेसम्म महाकवि देवकोटा क्याम्पस व्यवस्थापन संकाय स्नातक तह BBA चौथो र छैठौं सेमेष्टर अन्तर्गतको मानवस्रोत व्यवस्थापन विषयको आंशिक पाठ्यभार पूरा गर्ने उद्देश्यले पर्यटकीय स्थल पुन हिल र सिरुबारी होमस्टेको तीन दिने स्थलगत व्यवसाय अवलोकन भ्रमण सम्पन्न भएको छ । व्यवस्थापन संकायको BBA अध्ययन गर्ने विद्यार्थीहरुमा व्यवसायिक ज्ञान अभिवृद्धि गर्ने उद्देश्यले उक्त स्थानको भ्रमण गराइएको थियो । उक्त भ्रमणमा व्यवस्थापन संकाय स्नातक तह BBA चौथो र छैठौं सेमेस्टरमा अध्ययन गर्ने ३६ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । भ्रमणको अवसरमा सहभागी विद्यार्थीहरुलाई व्यवसाय सञ्चालन गर्न आवस्यक पर्ने पद्धति र प्रक्रियाका बारेमा जानकारी गराइएको थियो । व्यवसाय संचालकमा हुनु पर्ने गुणहरु र निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा होमस्टे संचालक समूहद्वारा दिइएको प्रशिक्षणमा समेत विद्यार्थीहरुलाई सहभागी गराइएको थियो । शिक्षक पदम पाण्डे, विजय अधिकारी साथै शिक्षिका सुलोचना अर्याल र पवित्रा पौडेलको नेतृत्वमा भ्रमण सम्पन्न भएको थियो । भ्रमण समाप्ति पश्चातको संक्षिप्त प्रतिक्रियाका क्रममा एक सहभागी विद्यार्थीले यो भ्रमण आफूले क्याम्पसमा प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न निकै महत्वपूर्ण भएको विचार व्यक्त गरे ।

## शैक्षिक भ्रमण सम्पन्न

मिति २०७८/०८/१७ र १८ गतेका दिन महाकवि देवकोटा क्याम्पसको शिक्षाशास्त्र संकाय स्नातक तह तेस्रो वर्षको स्वास्थ्य शिक्षा शिक्षण विधि विषयको आंशिक पाठ्यभार पूरा गर्ने उद्देश्यले चितवन जिल्लाको दुई दिने स्थलगत शैक्षिक अवलोकन भ्रमण सम्पन्न भएको छ। सैद्धान्तिक ज्ञानले मात्रै वर्तमान शिक्षाको लक्ष्य पूरा हुन नसक्ने तथ्यलाई मध्यनजर गर्दै वर्तमान समयका विद्यार्थीहरुलाई समयानुकूल बनाउने र वर्तमान शिक्षाको लक्ष्य समेत पूरा हुने तथ्य मध्यनजर गर्दै भ्रमण गराइएको थियो। भ्रमणमा चितवन जिल्ला अन्तर्गतको पर्यटकीय स्थल सौराहाको स्वास्थ्य तथा वातावरणीय अवस्थाको अध्ययन गरिएको थियो। शिक्षाशास्त्र संकाय स्नातक तह तेस्रो वर्षमा अध्ययन गर्ने २० जना विद्यार्थीहरुको सहभागिता रहेको उक्त भ्रमणको अवसरमा सहभागी विद्यार्थीहरुलाई सौराहा क्षेत्रको  वातावरणीय पक्षको बारेमा जानकारी गराइएको थियो। सौराहा क्षेत्रको अवलोकन पश्चात् विद्यार्थीहरुलाई पर्यटकीय स्थल जलवीरेको अवलोकन गराइ त्यहाँको पर्यटकीय महत्वका बारेमा जानकारी गराइएको थियो। भ्रमण समापनको क्रममा लिइएको विद्यार्थीहरुको प्रतिक्रियामा छात्रा सुजाता कण्डेलले सौराहाको भ्रमणले शहरी क्षेत्रमा बढ्दै गइरहेको वातावरण प्रदुषणको बारेमा नवीन ज्ञान प्राप्त भएको हुनाले भ्रमण निकै फलदायी भएको विचार व्यक्त गरिन्। प्रतिक्रियाकै क्रममा छात्रा जेनिता मगरले भ्रमणबाट स्थलगत ज्ञान प्राप्त भएको हुनाले निकै फलदायी भएको विचार व्यक्त गरिन्।

## स्वागत कार्यक्रम

महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा मिति २०७८/०८/२४ गतेका दिन स्नातक तहको प्रथम वर्षमा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई स्वागत गर्दै तिनीहरुको उज्वल भविष्यको कामना गर्ने उद्देश्यले स्वागत कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षता साथै यसै क्याम्पसका संचालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षा तथा मानविकी  संकाय प्रमुख बबिन शर्मा सापकोटा, क्याम्पसका शिक्षक तथा कर्मचारी तथा  प्रथम वर्षमा अध्ययनरत विद्यार्थी लगायत करिव २५० बढीको सहभागिता  रहेको थियो। कार्यक्रममा उपस्थित विद्यार्थीहरुलाई प्रमुख अतिथिद्वारा पुष्पगुच्छा र सभाध्यक्षद्वारा टिका प्रदान गरी स्वागत गरिएको थियो । सो कार्यक्रममा प्रथम वर्षमा अध्ययन गर्ने विद्यार्थीहरुद्वारा विभिन्न

सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो । स्वागत तथा शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि लामिछानेले यति धेरै क्याम्पसहरु हुँदा हुँदै पनि देवकोटा क्याम्पसलाई आफ्नो रोजाइमा पारेर यहाँको शैक्षिक गुणस्तरलाई विश्वास गरेर क्याम्पसमा भर्ना भएकोमा सम्पूर्ण विद्यार्थीहरुलाई धन्यवाद दिँदै शैक्षिक सफलताको कामना गर्नुभयो । महाकवि देवकोटा क्याम्पस QAA प्रमाणपत्र प्राप्त सामुदायिक क्याम्पस भएको हुनाले ढुक्क भएर क्याम्पसमा अध्ययन गर्न सबैलाई आग्रह गर्नुभयो । समापन मन्तव्यका क्रममा सभाध्यक्ष ढकालले क्याम्पसमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुलाई स्वागत गर्दै उत्कृष्ट नतिजा प्राप्त गर्ने कार्यमा सम्पूर्ण विद्यार्थी जुट्नु पर्ने विचार व्यक्त गर्दै उत्कृष्ट नतिजा प्राप्त गर्ने कार्यमा क्याम्पसको तर्फबाट कुनै पनि कसर बाँकी नराख्ने विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रमको सञ्चालन शिक्षक हरिदत्त शर्माले गर्नु भएको थियो ।

## Research Article तालिम

मिति २०७८/०९/१२ गते यस क्याम्पस अन्तर्गतको Research Cell को आयोजनामा क्याम्पसका सम्पूर्ण शिक्षकहरुलाई Research Article सम्बन्धी नवीन ज्ञान दिई Research Article लेख्न सक्षम बनाउने उद्देश्यले यसै क्याम्पसको सभाहलमा दुईदिने Research Article लेखन तालिम सम्पन्न भएको छ । क्याम्पसमा विभिन्न विषयहरु प्रध्यापन गर्ने  सत्र जना प्राध्यापक र कर्मचारीको सहभागिता रहेको उक्त तालिममा Research Cell का प्रमुख, शिक्षक विकाश रानाले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । उक्त तालिममा प्रशिक्षक लाल बहाददुर रानाले Research गर्नु भन्दा पहिला र पछि ध्यान दिनु पर्ने कुरा स्पष्ट पार्दै Research गर्दा आफ्नो रुची, क्षमता साथै समय दिन सक्ने नसक्ने, खर्च गर्न सक्ने, नसक्ने जस्ता कुरामा ध्यान पुऱ्याउनु पर्छ भन्दै यसतर्फ सचेत हुन सबैलाई आग्रह गर्दै अनुसन्धान गर्ने अनुसन्धानकर्ताले जबसम्म मनदेखि मैले अनुसन्धान गर्न सक्छु भन्ने सोच राख्दैन तबसम्म अनुसन्धान कार्य सफल नहुने विचार राख्नु भयो । उक्त अवसरमा विभिन्न शिक्षकहरुले राख्नुभएका तर्कपूर्ण जिज्ञासाको प्रशिक्षक रानाले समाधान गर्नुभएको थियो । उक्त तालिममा शिक्षक चोलाकान्त रेग्मीले Research Article को विश्लेषण गर्नुभएको थियो । सो अवसरमा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेले वर्तमान समयमा अनुसन्धान कार्य गरेर मानिसले नाम र दाम दुवै प्राप्त गरेको भन्दै अनुसन्धानकार्य गर्न सबैलाई उत्प्रेरित गर्नुभयो । अनुभव मन्तव्य प्रस्तुत गर्दै शिक्षक हरिप्रसाद बस्यालले यस तालिमले आफूमा अनुसन्धान गर्ने इच्छा जागेको र थुप्रै ज्ञान पनि प्राप्त गरेको विचार राख्नुभयो ।

## Basic Share Training सम्पन्न

महाकवि देवकोटा क्याम्पस अन्तर्गतका अतिरिक्त क्रियाकलाप शाखा र विद्यार्थी परामर्श शाखाको संयुक्त आयोजनामा यसै क्याम्पसको सभाहलमा मिति २०७८/०९/१९ गतेका दिन शेयर मार्केट सम्बन्धि एक दिने Basic Share Training कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षतामा सम्पन्न भएको उक्त तालिम कार्यक्रममा नेपाल सरकार धितोपत्र बोर्डका कार्यकारी निर्देशक डा. नवराज अधिकारी प्रमुख प्रशिक्षक रहनु भएको थियो । सो कार्यक्रममा क्याम्पसको व्यवस्थापन संकाय र शिक्षाशास्त्र संकायमा अध्ययन गर्ने दुई सय बढी विद्यार्थीहरुको सहभागिता रहेको थियो । नेपालमा बढ्दै गइरहेको बेरोजगारी समस्यालाई मध्यनजर गर्दै विद्यार्थीहरुलाई आत्मनिर्भर बनाउन र नवीन ज्ञान प्रदान गर्न कार्यक्रम सञ्चालन गरिएको थियो । विद्यार्थीहरुमा देखिएको पढाईप्रतिको वितृष्णालाई कम गर्न र पढ्नु भनेको खाली जागिर खान मात्रै हो भन्ने सोचमा परिर्वतन गर्नका लागि कार्यक्रमको आयोजना गरिएको थियो।

उक्त अवसरमा बोल्दै क्याम्पस प्रमुख नारायण प्रसाद ढकालले क्याम्पसबाट सिकेको ज्ञानबाट विद्यार्थी व्यवसायिक बन्नु पर्छ भन्ने विचार व्यक्त गर्नु भयो । सोही अवसरमा प्रमुख प्रशिक्षक अधिकारीले पढ्दैमा मानिस सफल हुन सक्दैन, सफल हुनका लागि व्यक्तिमा सकारात्मक सोच र तिब्र इच्छा शक्ति हुनु जरुरी हुन्छ र जब सम्म व्यक्तिले आफूलाई जित्न सक्दैन तबसम्म अरुलाई जित्न सक्दैन भन्दै कुनै कामलाई सानो र कुनै कामलाई ठूलो मान्ने प्रवृत्तिबाट टाढै बस्न सकेमा मानिस सफल हुनसक्छ भन्ने विचार व्यक्त गर्नुभायो । प्रशिक्षण कार्यक्रमका सभाध्यक्ष कृष्णप्रसाद लामिछानेले विद्यार्थीहरु स्वरोजगार बन्न सक्नु पर्ने विचार राख्दै क्याम्पसबाट प्राप्त भएको ज्ञानलाई व्यवहारिकतामा परिवतर्न गर्नु पर्नेमा जोड दिनु भयो।

## स्थलगत अध्ययन अवलोकन भ्रमण सम्पन्न

२०७८ साल पौष १६ गतेका दिन महाकवि देवकोटा क्याम्पसको व्यवस्थापन संकाय अन्तर्गत BBA दोस्रो सेमेष्टरको मानव स्रोत व्यवस्थापन विषयको आंशिक पाठ्यभार पूरा गर्ने उद्देश्यले कपिलबस्तु जिल्लामा अवस्थित तिलौराकोटको एक दिने स्थलगत शैक्षिक अवलोकन भ्रमण सम्पन्न भएको छ। व्यवहारिक साथै प्रयोगात्मक शिक्षाले नै वर्तमान समयका विद्यार्थीहरुलाई समयानुकूल बनाउने र वर्तमान शिक्षाको लक्ष्य समेत पूरा हुने तथ्य मध्यनजर गर्दै भ्रमण गराइएको थियो। व्यवस्थापन सङ्काय स्नातक तह BBA दोस्रो सेमेष्टरमा अध्ययन गर्ने २६ जना विद्यार्थीहरुको सहभागिता रहेको उक्त भ्रमणको

अवसरमा सहभागी विद्यार्थीहरुलाई तिलौराकोटको महत्व र त्यसको इतिहासको बारेमा जानकारी गराइएको थियो । भने त्यहाँको पर्यटकीय सम्भावनाको बारेमा पनि जानकारी गराइएको थियो ।

उक्त स्थानको अवलोकन पछि विद्यार्थीहरुलाई तिलौराकोटको धार्मिक, सांस्कृतिक महत्वका बारेमा समेत स्पष्ट परिएको थियो । भ्रमण समापनको क्रममा लिइएको विद्यार्थीहरुको प्रतिक्रियामा छात्रा सृष्टि लामिछानेले भ्रमण निकै फलदायी भएको साथै आफूले आजसम्म नजानेको धार्मिक सांस्कृतिक साथै वातावरणीय शिक्षा प्राप्त गरेको विचार व्यक्त गरिन् । प्रतिक्रियाकै क्रममा छात्र आशुतोष पाण्डेले शैक्षिक भ्रमणले विद्यार्थीहरुलाई स्थलगत शैक्षिक ज्ञान दिएको विचार व्यक्त गरे । उक्त भ्रमणमा शिक्षिका सुलोचना अर्याल र लाइब्रेरियन जगन्नाथ बस्यालको सहभागिता रहेको थियो ।

## शैक्षिक सामग्री वितरण कार्यक्रम

महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा मिति २०७८/११/१३ गतेका दिन सुनवल नगरपालिका वडा नं.४ को दुर्गम स्थानमा अवस्थित श्री महलपोखरी प्राथमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरियो ।

महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदायप्रति क्याम्पसको सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको थियो । अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्यालको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा बालविकासदेखि कक्षा दुईसम्म अध्ययन गर्ने १३ जना विद्यार्थीहरुलाई स्कुल ब्याग र कापी वितरण गरिएको थियो । उक्त अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आइतविर सिङ्जाली, विद्यालयका प्रधानाध्यापक यानीसरा ढेंगा महाकवि देवकोटा क्याम्पस SQC संयोजक ज्ञानप्रसाद न्यौपाने, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यार्थीहरु गरी ३५ जनाको सहभागिता रहेको थियो । शैक्षिक सामग्री वितरण कार्यक्रममा संयोजक सुलोचना अर्यालले क्याम्पसले सामाजिक उत्तरदायित्व पूरा गर्न वृद्धवृद्धालाई कपडा वितरण, बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण, अशक्त अपाङ्गहरुलाई राहत वितरण  स्वस्थ्य शिविर, रक्तदान, जस्ता कार्यक्रमहरु गर्दै आइरहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु गर्दै जाने विचार व्यक्त गर्नुभयो । सोही कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिङ्जालीले सुगम जिल्लामा भएर पनि दुर्गम स्थानमा रहेको र धेरैले वास्ता नगरेको यो विद्यायलमा आएर क्याम्पसले यस्तो सराहनीय कार्य गरेकोमा विद्यालय व्यवस्थापन समितिको तर्फबाट क्याम्पसलाई धन्यवाद दिनुभयो ।

## जनचेतना कार्यक्रम सम्पन्न

मिति २०७८/१२/०८ गतेका दिन नेपाल रेडक्रस सोसाइटी सुनवल उपशाखाको सभाहलमा रोटरी क्लब अफ बुटवल डाउन टाउनको आयोजना र महाकवि देवकोटा क्याम्पसको सहयोगमा महिला रोग तथा मृगौला समस्या न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

रोटरी क्लब अफ बुटवल डाउन टाउनका अध्यक्ष जवीन कक्षपतीको अध्यक्षता, महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी सुनवल शाखाका अध्यक्ष गोपाल शर्मा विशिष्ट अतिथि रहनु भएको थियो । कार्यक्रममा डा. रजत कायस्थ प्रमुख प्रशिक्षक रहनु भएको थियो । उक्त कार्यक्रममा आम्दा अस्पताल बुटवलका मेडिकल सुपरिटेन्डेन्ट डा. राजेन्द्र प्रसाद बस्याल, मेडिटेक इन्टरनेशनल एकेडेमीका क्या.प्र.अनिता थापा लगायतको सहभागिता रहेको सो कार्यक्रममा करिव १५० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा डा. रजत कायस्थले महिलाहरुमा लाग्ने विभिन्न किसिमका रोगहरुका साथै त्यस्ता रोगहरुबाट कसरी बच्न सकिन्छ भन्ने बारेमा स्पष्ट पार्नुभएको थियो साथै डा. कायस्थले मृगौलामा देखिने विभिन्न किसिमका समस्या र त्यस्ता समस्या न्यूनिकरण गर्ने उपायहरु स्पष्ट पार्नु भएको थियो ।

## महायज्ञमा सहभागी

स्थानीय समुदायको सक्रियतामा स्थापना भएको महाकवि देवकोटा क्याम्पस गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था भएको हुनाले समाजप्रति यस क्याम्पसको योगदान रहने कुरामा कुनै दुई मत नै छैन । यस क्याम्पसले समाजको शैक्षिक साथै चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । समाजप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न क्याम्पसले यहाँ अध्ययन गर्ने विद्यार्थीहरुलाई विभिन्न सामाजिक तथा धार्मिक कार्यहरुमा सहभागी गराउँदै आएको छ ।

यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुलाई आफ्नो धर्म तथा संस्कृतिप्रति जानकारी गराउन साथै सेवाको भावना विकसित गराउने उद्देश्यले मिति २०७८/१२/२४ गतेका दिन यसै क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा सुनवल नगरपालिका वडा नं.१ मा सञ्चालित नव चण्डी महायज्ञमा सहभागी गराइयो । उक्त समयमा क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षिका सुलोचना अर्याल साथै विद्यार्थी गरी जम्मा ७० जनाको सहभागिता रहेको थियो । सो अवसरमा धार्मिक गुरुहरुको प्रवचनमा विद्यार्थीहरुलाई सहभागी गराइएको थियो ।

# बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न

मिति २०७८/१२/२५ गते शुक्रबारका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा स्नातक तह चौथो वर्षको अन्तिम परीक्षा दिएर बस्नुभएका विद्यार्थीहरुलाई लक्षित गरी बिदाइ तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछाने प्रमुख अतिथि रहनु भएको थियो । सो कार्यक्रममा महाकवि देवकोटा क्याम्पसका सहायक क्याम्पसप्रमुख प्रकाश जि.सी. ,व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकाल, शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटा , महाकवि देवकोटा क्याम्पसका शिक्षक, कर्मचारी साथै यसै क्याम्पसको स्नातक तह व्यवस्थापन संकाय र शिक्षाशास्त्र संकायको चौथो वर्षको अध्ययन पूरा गरेर जान लाग्नुभएका सम्पूर्ण विद्यार्थीहरु गरी ८० बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा आफ्नो अनुभव मन्तव्य व्यक्त गर्दै स्नातक तह शिक्षाशास्त्र संकाय चौथो वर्षकी छात्रा चुना पाण्डेले महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएर पनि यहाँको शिक्षण क्रियाकलाप साँच्चै नै अतुलनीय छ भन्दै क्याम्पसबाट प्राप्त गरेको शिक्षालाई जीवनमा उपयोग गर्दै क्याम्पसको र यस क्याम्पसमा प्राध्यापनरत सम्पूर्ण शिक्षक शिक्षिका ज्यूहरुको नाम सदैव स्मरणयोग्य बनाउने भन्दै आफूहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्नुहुने सम्पूर्णलाई धन्यवाद व्यक्त गरिन् । अनुभव मन्तव्यकै क्रममा व्यवस्थापन संकाय स्नातक तहको चौथो वर्षकी छात्रा गीता पाण्डेले आफूले सामुदायिक , सरकारी र निजी सबै किसिमका संस्थाहरुमा अध्ययन गरिसकेको तर देवकोटा क्याम्पस जस्तो संस्था नभेटेको भन्दै यहाँको शैक्षिक वातावरण निकै उत्कृष्ट रहेको विचार व्यक्त गरिन् । बिदाइ तथा शुभकामना मन्तव्यका क्रममा शिक्षा तथा मानविकी संकाय प्रमुख बबिन शर्मा सापकोटाले शिक्षकहरुले देखाएको बाटो अनुसरण गरेर राम्रो नतिजा ल्याएर आफ्नो परिवारको साथै यस क्याम्पसको गरिमा बढाउनु पर्ने विचार व्यक्तगर्नुभयो । शुभकामना मन्तव्यकै क्रममा व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकालले हाम्रा विद्यार्थीहरु यो क्षेत्रकै अब्बल विद्यार्थीका रुपमा परिचित हुनुपर्ने विचार व्यक्त गर्नु भयो । शुभकामना मन्तव्यकै क्रममा प्रमुख अतिथि महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष लामिछानेले विद्यार्थी र शिक्षकहरुको मेहनतकै कारणले यो क्याम्पसले दिनानुदिन प्रगति गर्दै गइरहेकोमा सम्बद्ध सम्पूर्णलाई धन्यवाद दिनुभयो साथै उहाँले यस क्याम्पसका शिक्षक , विद्यार्थी, संचालक, सल्लाहकार साथै सम्बद्ध सबैको साथ र सहयोगकै कारणले क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन

(QAA) ,MBS, BBA, BICTE जस्ता कार्यक्रमको प्राप्त गर्न सफल भएको विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा चौथो वर्षका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमुख अतिथिद्वारा मायाको चिनो स्वरुप कलम, डायरी,पुष्प गुच्छा प्रदान गर्नुभएको थियो भने सभाध्यक्षद्वारा टीका प्रदान गरिएको थियो । समापन मन्तव्यको क्रममा सभाध्यक्ष क्याम्पसप्रमुख ढकालले उपस्थित सम्पूर्ण महानुभावलाई धन्यवाद दिँदै क्याम्पसले गरेको प्रगतिमा सबैको साथ र सहयोग रहेकै कारणले क्याम्पसले चौतर्फी विकास गरेको विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा शिक्षक हरिप्रसाद बस्यालको सञ्चालन र शिक्षिका सुलोचना अर्यालको स्वागत मन्तव्य रहेको थियो ।

## सरसफाइ कार्यक्रम सम्पन्न

